# धर्मकीर्ति

## THE DHARMAKIRTI

### A BUDDHIST MONTHLY




असार पूर्णिमा

भिक्षु अश्वघोषद्वारा चैत्य तथा विहारको शिलान्यास र
शिलान्यास स्थलमा परित्राण पाठ २०५५ जेष्ठ ३० गते, म्याग्दी, बेनी


वर्ष- १६ अङ्क- ३ वार्षिक रु. ५०/- मूल्य रु. ५/-



Downloaded from http://www.dhamma.digital

सम्पादकीय

# कसैले कसैलाई शुद्ध बनाउन सक्दैन

बुद्ध जीवनी अध्ययन गर्दा अज्ञानी ब्यक्तिहरूलाई ज्ञानी बनाउनका लागि र अशुद्ध चित्त भएका मानिसहरूको चित्त शुद्ध पार्नका लागि संसारमा बुद्धको जन्म हुन्छ भन्ने विषय उल्लेख भएको पाइन्छ। तर बुद्ध देशित बौद्ध साहित्यलाई अध्ययन गर्दै जाने हो भने धम्मपद जस्तो बुद्ध वचनमा भएको गाथालाई हामीले अगाडि ल्याउन सक्छौं।

"सुद्धि असुद्धि पच्चत्तं,
नाञ्ञ मञ्ञं विसोधये"

अर्थः– कसैले कसैलाई शुद्ध पार्न सक्दैन अर्थात् सुधार्न सक्दैन।

बुद्धको यस पवित्र वचनले प्रष्ट पारेको छ, गलत बाटोमा लागेको मानिसलाई ठीक बाटो देखाउनको लागि राम्रो शिक्षा र राम्रो अर्ती उपदेशको खाँचो अवश्य हुन्छ र मूर्ख व्यक्तिलाई असल मार्ग प्रदर्शकको आवश्यक हुन्छ। तर यदि त्यस अज्ञानी मूर्खले उसलाई दिइएको अर्ती र शिक्षालाई स्वीकार गर्दैन र अपनाउँदैन भने उसको अर्ती र उपदेशको कुनै महत्त्व नै हुँदैन। त्यस्तो ब्यक्ति कहिले सुधिन्छ र कसरी ऊ शुद्ध होइन्छ ? त्यसैले बुद्ध भन्नुहुन्छ– "म त एक मार्ग प्रदर्शक मात्र हुँ। मैले कसैलाई दुःखबाट मुक्त पार्न सक्छु भन्ने जिम्मा लिन सक्दिन। दुःखबाट मुक्त हुने जिम्मेवारी त आ-आफ्नो हो। किनभने अर्ती र उपदेशलाई अपनाउने ब्यक्ति मात्र सुधिन सक्छ। यसको सिलसिलामा हामीले पनि उपमाको रूपमा भन्न सक्छौं, राम्रो डाक्टर र राम्रो औषधिले मात्र रोगीको रोग निको पार्न सक्दैन। राम्रो डाक्टरले दिएको रोग अनुसारको राम्रो औषधिको सेवन गरी पथ पहरेजमा बस्न सक्ने बिरामीले मात्र आफ्नो रोगलाई निर्मूल पारी निरोगी र स्वस्थ ब्यक्ति बन्न सक्नेछ।

बुद्धले के कारणले र किन यस्तो भन्नुभएको होला ?

एक पटक केही विद्वानहरू बुद्ध समक्ष गई प्रश्न सोधेका थिए– "भो श्रमण गौतम ! तपाइं एक ठूलो ज्ञानी र तपश्वी हुनुहुन्छ। तर तपाईंका चेला भिक्षुहरूको आचरण र रहन सहन भने किन नराम्रा र खराब भएको ?"

यो कुरो सुनी बुद्ध भन्नु हुन्छ– "कुनै एक बाटो बिर्सेको बटुवालाई एक मार्ग दर्शकले ठीक बाटो देखाइदिंदा पनि त्यस अज्ञानी बटुवाले ठीक बाटोलाई अपनाउन नसकी अर्कै गलत बाटोबाट हिंड्छ भने यसमा कसको दोष ? मार्ग दर्शकको अथवा बटुवाको ? यहाँ त मूर्ख बटुवाको नै दोष हुनेछ। ठीक त्यस्तै मेरो काम त शिर्फ खराब आचरणमा लागेकालाई राम्रो र शुद्ध आचरणमा लाग्ने ज्ञान दिनु हो। सो ज्ञानलाई आफ्नो दैनिक जीवनमा अपनाउने कार्य त तिनीहरूकै हो। यदि ज्ञान दिंदा दिंदै पनि त्यसलाई अपनाउन छोडी खराब आचरण गर्नुमा नै मज्जा ठान्छन् भने त्यसमा मेरो के दोष ?"

फेरि एकपटक भिक्षुहरू बुद्ध समक्ष गई प्रश्न सोधेछ– "भो शास्ता ! पहिले तपाईंले भिक्षुहरूलाई अर्ती, उपदेशहरू दिने गर्नुहुन्थ्यो रे। तर अहिले किन अर्ती दिने गर्नु हुन्न ?

बुद्धले भन्नुभयो– "पहिले पहिलेका भिक्षुहरू श्रद्धाले भरेको शुद्ध चित्तले भिक्षुहुन्थे। तर अहिले आएका भिक्षुहरू अशिक्षित भएकाले उनीहरू आफ्नै केही स्वार्थहरू शिद्ध गर्नका लागि मात्र भिक्षु बन्न आएका छन्। त्यसैले उनीहरूमा भनेको कुरो नमान्ने, अट्टेरी र मिचाहा स्वभाव रहेको छ। गुरुले दिएको अर्ती र उपदेशलाई ठीक तरिकाले बुझी भित्री हृदयले त्यसलाई अपनाए मात्र त्यस ब्यक्ति सुधिन सक्छ र त्यस्ता ब्यक्तिलाई अर्ती दिंदा मात्र राम्रो उपलब्धी हुनेछ। अंगुलीमाल र आलवक जस्ता दानव स्वभाव भएका ब्यक्तिहरूले मैले दिएको उपदेशलाई दिलै देखि महशुस गरी अपनाउन सकेको कारणले उनीहरू दानवबाट मानव बन्न सफल भए। तर आफै ठूलो आफै जान्ने सुन्ने विद्वान भन्ने ठानी अहंकारी बन्दै हिंड्ने ब्यक्तिलाई राम्रो उपदेश र अर्तीले केही प्रभाव पार्न सक्दैन। फलस्वरूप उसलाई सुधार्न गाऱ्हो हुन्छ। त्यसकारण सबभन्दा पहिले आफ्नो घमण्डी स्वभाव हटाई हृदय परिवर्तन गरी कोमलपना र नरमीपनालाई अपनाउनु आवश्यक देखिन्छ। यसरी आफ्नो खराब स्वभावलाई बुझी त्यसलाई हटाउन सक्ने ब्यक्ति मात्र सुधिन सक्ने हुनाले हामीले बुद्ध सन्देशलाई बारम्बार दोहऱ्याउन सक्छौं– "शुद्ध हुने र अशुद्ध हुने कार्य आ-आफ्नो हातमा रहेको छ। त्यसैले मानिसहरू आफूले आफैलाई चिन्नसक्नुपर्छ।" बुद्धको यस अमूल्य सन्देशलाई सबैले बुझी आफूसंग भएका खराब आचरणहरूलाई आफैले हटाई बुद्ध अनुयायी बनी जीवन सुखमय बनाउन सकोस् भनी धर्मकीर्तिले सबैप्रति मंगल कामना गर्दछ।

सूचनाः– धर्मकीर्ति विहारमा प्रत्येक शनिबार बिहान ८ देखि १० बजेसम्म युवा युवतीहरूको लागि बुद्धको शिक्षा कक्षा संचालन हुन्छ।

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
**ज्ञानेन्द्र महर्जन**

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन- २५५९६०, २५९११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४२
नेपालसम्वत् १११८
इस्वीसम्वत् १९९८
बिक्रमसम्वत् २०५५

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | ५०/- |
| यस अङ्कको | रु. | ५/- |


DHARMAKIRTI

# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
A BUDDHIST MONTHLY

July 1998


| वर्ष- १६ | अङ्क- ३ | गुरुपुन्ही | २०५५ |
|---|---|---|---|





## बुद्धको अन्तिम उपदेश

**भिक्षु हो! जहाँसम्म तिमीहरू बेला बेलामा जम्मा भएर संघको कार्य (काम) गर्दै रहौला, जबसम्म तिमीहरूमा एकता रहनेछ, एकताले संघको सबै कार्य गर्दै रहौला, जहाँसम्म संघको कुनै नियमलाई भंग गर्ने छैनौ, जहाँतक तिमी आफूभन्दा जेठो भिक्षुलाई मान सम्मान दिई नै रहने छौ, जहाँसम्म तिमी आफ्नो तृष्णाको अधीनता स्वीकार नगरी, अप्रमादी भै रहनेछौ, अनि जबसम्म यस विषयमा चिन्ता राख्दछौ कि तिम्रा सबै साथीहरू सुखी रहुन्, तबसम्म तिम्रो उत्तरोत्तर उन्नति नै भएर जानेछ, पतन हुनेछैन ।**

Downloaded from http://www.dhamma.digital

# बुद्ध र हाम्रो आकांक्षा

✍ श्रामणेर सुमन कीर्ति, कीर्तिपुर ।

बुद्धको बोधिचित्त र उहाँको ज्ञानको ज्योतिले गर्दा उहाँलाई नचिन्ने मानिस यस संसारमा बिरलै होला । हाम्रो नेपाली समाजलाई मात्र होइन, विश्वको कुनाकुनामा रहेका जनताले समेत सांसारिक दु:खबाट मुक्ति पाउन सकोस् भन्ने उद्येश्यले उहाँले आफ्नो क्षमताले भ्याएसम्म (४५ वर्षसम्म) धर्म प्रचार गर्न सफल हुनुभयो । बुद्ध, जसलाई हामी भगवान बुद्ध भनी सम्मान गर्छौं, उहाँ एक महाकल्याणकारी, तिखो बुद्धि भएको व्यक्ति भएको कारणले र उहाँको करूणाभावले गर्दा उहाँले आफ्नो नाम संसारभरी फैलाउन सफल हुनुभयो । जसको कारणले उहाँलाई आजसम्म पनि देवता समान पूजा गरिन्छ । तर बुद्धले भन्नुभएका थिए, "मलाई पूजा नगर्नु । म पनि तिमीहरू जस्तै एक मनुष्य नै हुँ ।" तर मानिसहरू कहाँ मान्छन् र ! उनीहरू बुद्धलाई पूजा मात्र गर्ने होइन, टीका लगाई पेय पदार्थ र खाद्य पदार्थहरू पनि चढाउन पुग्छन् । यसो गर्दा गर्दै अज्ञानी मानिसहरू बलि समेत चढाउन पनि के बेर ।

यो संसारका धेरैजसो मानिसहरू अन्धविश्वासी देखिन्छन् । स-साना केटाकेटीहरूलाई समेत देवताको मन्दिरमा लगी ब्रत बस्न लगाउने र भोकै बस्नलगाई पुण्य गरेको सम्झन्छन् । आफू जुन अन्धविश्वासले भरिएको सँस्कृतिमा हुर्कियो आफ्ना सन्ततीलाई पनि त्यही सँस्कृति मान्न बाध्य तुल्याउने बानी छ । केही गरी यस अन्धविश्वासी प्रथालाई हटाउन सकिएन भने समाज केवल दु:ख र अशान्तिले भरिएको घृणादायी समाजको रूपमा रहने हुन्छ ।

यी विभिन्न कारणहरूले गर्दा बुद्धले भन्नुभएको छ– "भोकाएको मानिसलाई धर्मदेशना गर्नु उचित हुने छैन । अर्थात् भोकाएको बेला मानिसले अमृतमयी धर्मदेशना सुनेपनि त्यउसको महत्त्वलाई उसले राम्ररी बुझ्न सक्दैन ।" किनभने भोकाएको बेला मानिसको मन धर्मदेशनामा भन्दा बढी आफ्नो भोकाएको पेटमा पुगेको हुन्छ । त्यसैले भोकाएको मानिस स्वभावले नै रिसाहा हुन्छ र उसले कुन असल र कुन खराब भन्ने विषयलाई राम्ररी छुट्टाउन सक्दैन । तर बुद्धको सिद्धान्त अनुसार आफ्नो स्वतन्त्र चिन्तनबाट खराब र असल छुट्टाउन सक्नु नै सबभन्दा राम्रो सफलता मान्न सकिन्छ । किनभने आफ्नो बुद्धिलाई प्रयोग नगरी अरूहरूको लैलैमा मात्र लाग्न खोज्नु मूर्खतापूर्ण कार्य हुन जानेछ । आफ्नो विचार र अरूको विचारलाई मूल्यांकन गरी आफैले ठीक बेठीक छुट्टाउन सक्नु प्रत्येक मानिसको कर्त्तब्य हुन आउँछ ।

तर भन्न त सजिलो छ गर्न गाऱ्हो अवश्य हुन्छ । किनभने मानिस संसारकै सर्वश्रेष्ठ प्राणीमा गनिएतापनि उसको अनेक भय र कमजोर मानसिक स्थितिको सामनागरी संघर्षमय जीवन बिताउन परिराखेकोले हुन्छ । तैपनि आजको युग वैज्ञानिक युग भएको हुनाले हामीले नचाहिँदो अन्धविश्वासलाई त्यागी वैज्ञानिक अन्वेषण तिर पनि ध्यान दिनुपर्ने देखिन्छ । किनभने मानिसले चाह्यो भने जे पनि गर्न सक्छ । चरा उडेको देखेर मानिसले ठूल-ठूला उड्ने यातायातका साधन (हवाई जहाज) बनाउन सफल भए । अन्धविश्वासीहरूले फेरि यसलाई पनि भगवानको देन नै मान्छन् होला ।

गौतम बुद्धले शान्तिको मार्गलाई खोज्दै जाँदा, उहाँले रोगी, बूढा, मरेको मानिस देखेपछि यस्तो किन हुन्छ ? यसबाट मुक्त हुन के गर्नुपर्ला ? भन्दै यस्तो दु:खबाट मुक्त हुने बाटोको खोजी गर्न थाल्नुभयो । यस्तै क्रममा उहाँले एकजना शान्त र आनन्दले बसिराखेको एक साधुलाई ध्यान मग्न रहेको देख्नुभयो । अनि उहाँले यसलाई दु:खबाट मुक्त गर्ने उपाय हो भन्ने ठानी यस उपायलाई खोज्न नहिंडेको भए, शान्तिको उपायलाई पत्ता लगाउन सक्नु नै हुने थिएन होला ।

यसकारण आफ्नो जिज्ञासालाई सन्तुष्ट र सफल पार्न विभिन्न खोज र अन्वेषणहरू गर्दै जानु आवश्यक छ । जसको कारणले मानिसको बुद्धि तिखारिंदै जानेछ ।

## धर्मचक्र पर्वको शुभ-कामना

✍ रमना श्रेष्ठ, ज्ञानमाला संघ,
सुन्सरी, बुद्ध विहार, धरान-८

आषाढ पूर्णिमाको यही शुभकामना
सकल जगतमा मंगल कामना
हटेर जाउन रिस, राग मोहः
बढेर आओस प्रेम मैत्री भावना

काम क्रोध हिंसा जड हो विनासको
मिथ्या दृष्टि नै जड हो क्लेशको
अकुशल कर्म त्यागी सत्कर्म गरौं
चित्तलाई सँधै सुमार्गमा लगाऔं

तृष्णा र अविद्याले भवचक्र घुमाउँछ
राग, द्वेष, मोहले मनलाई भुलाउँछ
शिल, गुण, धर्मलाई, पालन गरेर
निर्वाण पथमा लागी रहन सकौं



Downloaded from http://www.dhamma.digital

# बौद्ध झण्डा – एक गौरबमयी प्रतीक

✍ कृष्णकुमार प्रजापति, नगदेश, थिमी

उन्नाइसौं शताब्दीमा बुद्ध धर्म प्रचारार्थ आफ्नो जीवन बिताउनु भएका अमेरिकी विद्वान कर्नेल हेनरी स्टिल अल्कोट (Colonel Henry Steel Alcott) ले सन् १८८५ मा बौद्ध झण्डाको आविष्कार गर्नुभएको थियो । वहाँको जन्म ई.सं. १८३२ अगष्ट २ को दिन किसान परिवारमा अमेरिकाको न्यूजर्से (New Jersey) भन्ने नगरमा भएको थियो । समस्त बौद्धहरूको एकरूपताको साथसाथै विशेष चिन्ह र स्वरूप दर्शाउन अल्कोट महोदयले गौरबमयी झण्डामा ५ रङ्गको समिश्रण गरी बौद्ध झण्डाको आविष्कार गर्नुभएको थियो । ती ५ रङ्गको प्रतीकात्मक अर्थ निम्न प्रकारका छन्:–

(१) निलो रङ्ग: बुद्धको केश एवं न्यायको प्रतीक (आकाश रङ्ग, स्वच्छताको प्रतीक) ।

(२) पहेंलो रङ्ग: बुद्धको चिवर (वस्त्र) एवं करूणाको प्रतीक ।

(३) रातो रङ्ग: बुद्धको रगत एवं दार्शनिक र बैचारिक क्रान्तिको प्रतीक (सेवा) ।

(४) सेतो रङ्ग: बुद्धको अस्थि एवं पवित्रताको प्रतीक, (शान्ति) ।

(५) कलेजी रङ्ग: बुद्धको हृदय एवं अनुशासनको प्रतीक ।

| | | | | | |
|---|---|---|---|---|---|
| निलो रङ्ग (केश) | पहेंलो रङ्ग (चिवर) | रातो रङ्ग (रगत) | सेतो रङ्ग (शान्ति) | केलेजी रङ्ग (हृदय, मुटु) | निलो रङ्ग (न्याय) |
| | | | | | पहेंलो रङ्ग (करूणा) |
| | | | | | रातो रङ्ग (सेवा) |
| | | | | | सेतो रङ्ग (पवित्रता) |
| | | | | | कलेजी रङ्ग (अनुशासन) |

१. **निलो रङ्ग:** गौरबमयी बौद्ध झण्डाको प्रथम रङ्ग निलो रङ्गलाई अंगिकार गरेको छ । मानव धर्मको रूपमा अंगिकार गरेको बुद्ध धर्मको पहिचान गर्ने उद्देश्यले निर्मित अन्तर्राष्ट्रिय बौद्ध झण्डामा शान्तिका महानायक, करूणाको खानी, महामानव तथागत बुद्धको केशसंग दाँजिएको छ । यसरी एकातिर, महाकारूणीक गौतम बुद्धको केशसंग दाँजी केशको महत्व दर्शाएको छ भने अर्कोतिर यसको प्रतीकात्मक अर्थ झल्कने गरी आकाश रङ्ग, न्याय र स्वच्छतासंग समेत दाँजेका छन् । यसर्थ निलोरङ्गलाई बौद्ध झण्डाको प्रथम रङ्गको रूपमा लिई मानवतावादी जनकल्याणकारी न्यायको प्रतिमूर्ति (प्रतीक) को अर्थमा लिइएको छ ।

२. **पहेंलो रङ्ग:** तथागत गौतम बुद्धको चीवर (वस्त्र) लाई ईङ्गित गरी दोश्रो रङ्गको रूपमा पहेंलो रङ्गलाई समावेश गरेका थिए । पहेंलो रङ्ग बुद्धको विशेषता झल्काउने र करूणाको खानी र मुहारको प्रतीकको रूपमा रहेको छ । वहाँले मानव मात्रको कल्याणार्थ करूणा राखी व्यवहार गर्नुभएको थुप्रै प्रमाणहरू बौद्ध ग्रन्थ र इतिहासको अध्ययनबाट थाहा पाउन सकिन्छ । सारा जगतमाथि करूणा राखी मानव मात्रलाई दु:खबाट मुक्ति दिलाउन लागीपर्नु भएकोले वहाँलाई "महाकारूणीक बुद्ध" भन्ने गरेको हो । बुद्धको करूणा झल्कने पहेंलो रङ्गलाई अर्थपूर्ण रूपले लिएको छ ।

३. **रातो रङ्ग:** बौद्ध झण्डामा शोभायमान हुने गरी रातो रङ्गको व्यवस्था गरेको थियो । रातो रङ्गले तथागतको रगतसित साईनो गाँसेको छ । रातो रङ्गको पर्यायवाची र प्रतीकात्मक अर्थ रगत हो । यसरी रातो रङ्गसित एकातिर तथागतको रगतसंग तादात्म्यता मिलाउन खोजको छ भने अर्कोतिर यसलाई महामानव तथागत बुद्धको दार्शनिक र बैचारिक क्रान्तिसंग प्रतीकात्मक सम्बन्ध गाँसेको छ । यस झण्डामा रातो रङ्गको व्यवस्था हुनु भनेको बुद्ध धर्ममा निहित दर्शन र विचारको महत्व जाहेर गर्नु हो । किनकि बुद्ध धर्म एक नौलो आयाम बोकी आएको मानवतावादी धर्म हो । अत: यसमा सन्निहित बैचारिक एवं दार्शनिक मर्मको अर्थ लगाउने गरी बौद्ध झण्डामा रातो रङ्गको समावेश गरेको हुनुपर्दछ ।

४. **सेतो रङ्ग:** बौद्ध झण्डाको चौथो रङ्ग दागरहित सफेद रङ्ग रहेको छ । तथागत बुद्धको अस्थिसित बौद्ध झण्डाले सम्बन्ध गाँसेको छ । दागरहित सफा, सेतो वस्तु, सामान या अन्य कुनै देखा परेमा यस सफेद हिमश्रृंखला देखा परेमा तपाईं हाम्रो मनमा काञ्चनताले भरपूर भै मनमा एक किसिमको आनन्दले छाएको हुन्छ, शान्त वातावरण भएको महसूस हुन्छ । कुनै पनि दाग नभएको वस्तुमा दाग रहनु र बस्तुमा कुनै शोभा रहन्दैन



Downloaded from http://www.dhamma.digital

र फोहर भएको महसूस हुन्छ, त्यस्तै गरी मानिसको चरीत्र र प्रतिष्ठामा दाग र आँच आउँदा त्यसलाई मेट्न मेटाउन अति कठीन छ । चरीत्रमा दाग लाग्नु र प्रतिष्ठामा आँच आउनु भनेको समाजबाट गिर्नु र ओठलेप्रन दिनु हो । अत: तथागतले आफ्नो व्यावहारिक जीवनमा कहिल्यै पनि दाग लाग्ने चरीत्रहीन कार्य गर्नुभएन । सदा सुकिलो र सफेद रहने कार्यगरी जीवनमा सदा दागरहीत चरीत्र र गुणले पक्षपोषण गर्नुभएको थियो । यस्तो चारित्रीक गुणले सम्पन्न व्यक्तित्व यस धरतिमा पाउनु दुर्लभ छ । यसरी दुर्लभ गुणले सम्पन्न व्यक्तित्वको रूपमा बुद्धलाई अंगिकार गरी तथागतलाई पवित्रताको प्रतीक, शान्तिको प्रतिमूर्ति भनेको हो र शान्ति र पवित्रताको पर्यायवाची शब्दको र मर्मको रूपमा बौद्ध झण्डामा सेतो रङ्गको व्यवस्था गरेको थियो ।

५. **कलेजी रङ्ग:** कलेजी रङ्ग तथागत बुद्धको कलेजी र हृदयसंग आबद्ध गरी त्यसको अर्थ र मर्म झल्कने गरी पाँचौ स्थानमा कलेजी रङ्ग राखी बौद्ध झण्डा निर्माण गरेको छ । बुद्धको हृदय करूणाको हृदय हो । बुद्ध हृदय सुव्यवस्थित न्याय र पवित्र हृदय हो । यस रङ्गलाई अनुशासनसित प्रतीकात्मक सम्बन्ध गाँसेको छ । अनुशासन कुनै पनि संघ, संस्थाको प्राण हो भने मानव जातिको शोभायमान एवं सभ्यताको परिचायक रूपी असल गर गहना हुन् । अनुशासनले एक अर्का बीच आदरभाव र शिष्टाचार सिकाउँछ । अनुशासित भै बुद्ध संघमा लागी मानवले मानवलाई व्यवहार गर्ने, भलाकुसारी गर्ने, आदरभाव राख्ने, शिष्टाचार कायम गर्ने जस्ता गुणहरू र कार्यहरू सिकी **"पूजा च पूजनेय्यानं"** को अर्थ र मर्म बुझी तत्सम्बन्धी कार्य र व्यवहार गर्दछन् । यसर्थ कलेजी रङ्गले ओगटेको स्थानलाई हृदयङ्गम गरी बौद्ध झण्डामा बुद्ध धर्मको गरीमा बढाउन अनुशासनको त्यतिकै अग्रस्थान छ भन्ने अर्थले कलेजी रङ्गको व्यवस्था गरेको थियो ।

६. छैठौं खण्डमा ५ वटै रङ्गको बराबरी गरी एकै कोष्ठ (कोलम) मा राखी तथागत बुद्धको धर्मकाय (धर्मरुपी शरीर) को प्रतीक बनाएको छ । जसरी सपाङ्ग देहत्व हुनलाई सम्पूर्ण अंगको आवश्यक छ, त्यसरी नै शीरदेखि पैतालासम्मको व्यवस्था त्यसको समष्टी आउने गरी धर्मकाय निर्माण गरी बौद्ध झण्डाको उच्च मूल्याङ्कन गरेको छ । यस्तो दार्शनिक एवं बैचारिक दृष्टिकोणबाट उच्च गरीमा र गौरब विद्यमान भएको बौद्ध झण्डाको निर्माता कर्नेल हेनरी स्टिल अल्कोटले आफ्नो भौतिक देहत्व सन् १९०७ फेब्रुवरी १७ को दिनमा अड्‌चार (मद्रास) भारतमा सदा सदाको लागि त्यागी अमरत्व प्राप्त गर्नुभयो ।

- विस्तृत जानकारीको लागि कृष्णकुमार प्रजापति, नगदेश बुद्ध विहारबाट लिखित "बौद्ध झण्डा एक गरीमामयी प्रतीक" भन्ने पुस्तक अध्ययन गर्नुहोला ।

■

–: लोक-नीति :–

**"पानी गहीरो छ छैन कमलको डाँठ हेरी, कुल वा वंशको ऊँच नीचको प्रमाण विनीत अविनित स्वभाव हेरी (विद्वान), व्यक्तिको प्रमाण उसको कुरा सुनी तथा भूमिको प्रमाण त्यहाँको सुकेको घाँस हेरी बुझ्नुपर्दछ ॥११॥"**

## कविता

✍ **शिव शाक्य**

*धरान-६, देशिलाइन दोभान चोक (सुनसरी)*

हुन्छन् रोगी सधैं, भन्ने कुरा बुझी
गौतम हिंडे एकदिन घरबाट सबै छोडी
शान्त रहेर सधैं नबनौं कहिल्यै क्रुद्ध
भनी गए यहिंबाट शान्तिदूत बुद्ध
बुद्ध हुनु निश्चित छ, मर्छन सबै एकदिन
धनको लोभमा तै पनि पाप गर्छन्
छिन्-छिन्
प्रेम गरौं आपसमा, नगरौं कहिल्यैं युद्ध
भनि गए यहिंबाट शान्तिदूत बुद्ध
हिंसा छोडी सबै बनौं अहिंसाको पुजारी
के पाउनु छ! धरामा अरूलाई मारी
लोभ र दुर्गुणको फोहोर फाली आत्मा
पारौं शुद्ध
भनी गए यहिंबाट शान्तिदूत बुद्ध
मान्छे सबै एक हौं, फरक छैन कोही
सन्देश दिए बुद्धले संधैभरी यहि
षडयन्त्र हुन्न रच्नु, अर्काको विरूद्ध
भनि गए यहिंबाट शान्तिदूत बुद्ध


Downloaded from http://www.dhamma.digital

# धम्मपद १०९-१०

✍ रीना तुलाधर

**"सुखकामानि भूतानि - यो दण्डेन विहिंसति**
**अत्तनो सुखमेसानो पेच्च सो न लभते सुखं"**

**अर्थः** आफ्नो सुख प्राप्तिको लागि, सुख चाहने अरू प्राणीलाई दण्डले प्रहार गर्नेलाई पछि सुख प्राप्त हुँदैन ।

**"सुखकामानि भूतानि - यो दण्डेन न हिंसति ।**
**अत्तनो सुख मेसानो - पेच्च सो लभते सुखं ।"**

**अर्थः** आफ्नो सुख प्राप्तिको लागि सुख चाहने अरू प्राणीहरूलाई दण्डले प्रहार नगर्नेलाई पछि सुख प्राप्त हुन्छ ।

**घटनाः** भगवान बुद्ध जेतवन विहारमा बस्नु भएको बेला एकदिन उहाँ भिक्षाटनको लागि जानु भयो । बाटोमा उहाँले थुप्रै केटाहरूले मिलेर एउटा सर्पलाई लट्ठीले कुटी मारीरहेको देख्नुभयो । यो देखेर भगवान बुद्धले ती केटाहरूसँग सोध्नुभयो– "किन तिमीहरूले सर्पलाई पिट्दै छौ ?"

केटाहरूले जवाफ दिए– "सर्पले डस्ने भयले ।"

भगवान बुद्धले ती केटाहरूलाई सम्बोधन गर्दै भन्नुभयो– "तिमीहरू यो सर्पलाई मारेर आफ्नो लागि सुख खोज्छौ भने मरेपछि उत्पन्न हुने ठाउँमा सुख पाउने छैनौ । आफ्नो लागि सुख चाहनेले अरूलाई वध गर्नु हुँदैन ।"

तिनीहरूलाई यसरी उपदेश दिंदै भगवान बुद्धले उपरोक्त गाथाहरू भन्नुभयो । ■

**"मा बोच फुरुसं कञ्चि - वुत्ता परिवदेय्युतं**
**दुक्खाहि सारम्भ कथा - पटिदण्डा फुसेय्यु तं ।"**

**अर्थः** अरूले कडा वचन बोले पनि आफूले कसैलाई कडा वचन नबोल्नु । परस्पर शत्रुभाव लिएर दुर्वचन कुरा बोल्नेले दण्डभोग गरेर दुःख भोग्नु पर्नेछ ।"

**"सचे नेरेसि अत्तानं - कंसो उपहतो यथा**
**एस पत्तो'सि निब्बानं - सारम्भो ते न विज्जति ।"**

**अर्थः** फुटेको, चिरेको धातुको घण्टाबाट आवाज ननिस्किने जस्तै आफुलाई निःशब्द गरेर राख्न सके, त्यहाँ कलह र शत्रु हुँदैन । निर्वाण पुगेको सरह हुन्छ । त्यसको लागि प्रतिवाद छैन ।"

**घटनाः** भगवान बुद्ध जेतवन विहारमा बस्नु भएको समयमा कुण्डधान नामको एक भिक्षु थियो । ऊ भिक्षु भएदेखिन एउटी अद्‌भुत मायावी स्त्रीले उनको पीछा गर्थिन् । स्थविर आफैले ती स्त्रीलाई कहिल्यै देखेनन् । अरू मान्छेहरूले हेर्दा भने सँधै कुण्डधान स्थविरको पछि पछि एउटी स्त्री सँगसँगै हुन्थिन् । स्थविरलाई भोजन दान दिंदा मान्छेहरूले पछि पछि आइरहेकी ती स्त्रीलाई पनि भोजन दान दिन्थे । (कुण्डधान स्थविरको पूर्वजन्मको कथासँग यो सम्बन्धित छ । काश्यप तथागतको पालामा एउटा शुद्ध चरित्र हुने भिक्षुलाई परिक्षा गर्न भनी बदनाम हुने गरीकन एउटी देवपुत्रीले छलपूर्वक प्रेमिकाको जस्तो अभिनय गरेर शुद्ध भिक्षुको चरित्रमा दाग लाग्ने काम गरेको कारण ती देवपुत्री विभिन्न विपाक भोगेपछि गौतम बुद्धको पालमा कुण्डधान स्थविर हुँदा पनि एउटी मायावी स्त्रीले पीछा गराउनु परेको हो ।)

अरू भिक्षुहरूले त्यस स्थविरको कारणले आफूहरूको पनि बदनाम हुन सक्छ भनी ठानी अनाथपिण्डिक महाजनलाई त्यस स्थविरलाई आफ्नो जेतवन विहारबाट निकाला गर्न आग्रह गरे । अनाथपिण्डिक महाजनले प्रश्न सोधे– "के भगवान बुद्ध जेतवन विहारमा हुनुहुन्न ?" "हुनुहुन्छ, उपासक !" भिक्षुहरूले भने । अनाथपिण्डिकले भने– "त्यसो भए, यस सम्बन्धमा भगवान बुद्धलाई नै थाहा हुन्छ ।" अनाथपिण्डिक महाजनबाट यसरी जवाफ पाएपछि भिक्षुहरूले यही कुरा विशाखा उपासिकासँग भने । विशाखाबाट पनि त्यस्तै जवाफ पाएपछि भिक्षुहरूले कोशल महाराज प्रसेनजीतसँग यही कुरा निवेदन गरे । कुण्डधान स्थविरलाई देशैबाट निकाल्न आग्रह गरे । महाराज प्रसेनजीतले स्थविरको बारेमा जाँचबुझ गर्न राती स्थविरको बस्ने ठाउँमा लुकेर हेर्न गए । धेरैबेर परिक्षा गरे हेरे पछि ती स्त्री देखा पर्ने, फेरि हराउने कुरो थाहा पाए । ती स्त्री मायावी हो र स्थविर निर्दोष छ भन्ने विश्वास भएपछि "अबदेखि दिनहुँ मेरै घरमा भोजनको लागि आउनुस्" भनी निमन्त्रणा पनि गरेर फर्केर गए ।

महाराज प्रसेनजीतबाट पनि काम नबनेपछि भिक्षुहरूले कुण्डधान स्थविर र महाराज दुवैलाई नराम्रोसँग भनेर निन्दा गरे । कुण्डधान स्थविरले पनि उल्टो भिक्षुहरूलाई नै गालि गर्न थाले । यति भएपछि भिक्षुहरूले यी वृतान्त कुरा भगवान बुद्ध समक्ष उजूर गर्न गए । सबै कुराको जाँचबुझ गर्नु भएपछि भगवान बुद्धले कुण्डधान स्थविरलाई सम्बोधन गरेर यस्तो भन्नुभयो– "भिक्षु ! तिमी पहिलेको नराम्रो कामले गर्दा आज यसरी निन्दित भएर बस्नु पऱ्यो । तिमीले आज पनि भिक्षुहरूलाई नराम्रो शब्दले गालि गरिरहेका छौ । तिम्रो निम्ति यो उचित छ कि भिक्षुहरूबाट निन्दित हुनु परेपनि चुप लाग । यसो गर्नाले निर्वाण प्राप्त गर्न सक्छौ ।" यसरी उपदेश दिनु हुँदै भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो । ■


Downloaded from http://www.dhamma.digital

# बुद्ध शिक्षा

✍ ज्ञानेन्द्र महर्जन, सदस्य ध.बौ.अ. गोष्ठी

शील सदाचारमा रही ज्ञानको आँखाले ठीक बेठीक छुट्टाई प्रज्ञाको सहायता लिई कर्त्तव्य पालन गर्नु नै धर्म हो। धर्मले प्रज्ञा, शील र समाधिमा लागी सुखपूर्वक जिउने र आफ्नो र अरूको जीवन सुख र आनन्दमय बनाउन मद्दत दिन्छ। यसरी धर्मले दुःखलाई यथार्थ रूपमा बुझी त्यसबाट मुक्त हुने उपाय सिकाउँछ। संसारका कुनै पनि प्राणीलाई दुःख मन पर्दैन। तर वास्तविक सुखको मार्गलाई उनीहरू ईश्वर र अरू कसैको सहारा लिई अज्ञानतावस दुःख माथि दुःख थपिरहेका हुन्छन्।

तर बुद्ध शिक्षामा ईश्वर भक्ति र आत्मा नित्यमानी अन्ध भक्ति गर्ने कार्यलाई स्थान छैन। साम्प्रदायिक भावना, जातीय विभेद, लिंग भेदभाव, धनी र गरीवको भेदभाव आदिलाई पनि बुद्ध शिक्षाले स्थान दिएको छैन। यसमा राजादेखि साधारण जनता, ब्राह्मण देखि चण्डाल र धनाध्य व्यक्ति देखि कंगाल व्यक्तिसम्मलाई समान स्थान दिइएको छ। त्यसकारण बुद्ध शिक्षालाई मानव धर्म भन्न सकिन्छ। मानव कल्याण बौद्ध सिद्धान्तमा निहित छ।

यसरी २५ सय वर्ष अगाडि बुद्धले सोअध्ययन र अनुभवबाट पत्तालगाई प्रतिपादन गर्नुभएको बुद्ध शिक्षा आजका वैज्ञानिकहरूको अध्ययन र मेहनत पश्चात् (उनीहरूले पत्ता लगाइएका तथ्यहरूसंग धेरै मेल खाएकोले) वैज्ञानिकहरूले समेत यस शिक्षालाई निम्न लिखित कारणहरूले गर्दा उत्तम धर्मको रूपमा ग्रहण गर्दै आएका छन्।

(१) **अनिश्वरवादी**: बुद्ध शिक्षाले आफ्नो कार्य सफलताको लागि, रोग विनाशको लागि, गल्ती गरिसकेपछि सो गल्ती पखाल्नका लागि मठ मन्दिरमा गई ईश्वरलाई सम्झी पूजा-पाठ र अन्ध भक्ति गर्न सिकाउँदैन। तर कुनै ईश्वर वा श्रृष्टिकर्ता नमान्दैमा बुद्ध शिक्षा नास्तिकवादी पनि कदापि होइन। बुद्ध शिक्षा यथार्थवादी र व्यवहारिक धर्म हो। यसले आफ्नै मेहनत र स्वविवेकद्वारा शील, समाधि र प्रज्ञामा लागि यस संसारिक जीवन चक्रबाट सदाको लागि मुक्ति पाउने शिक्षा सिकाउने गर्छ।

(२) **स्वतन्त्र चिन्तन**: बुद्धले भन्नुभएको छ– "कुनै धर्म, ग्रन्थ वा शास्त्रमा उल्लेख भएको भन्दैमा, परम्परागत रूपमा चल्दै आएको हुँदैमा, सबैले स्वीकार गरेको कुरा हुँदैमा त्यसलाई हामीले स्वीकार गर्नै पर्छ भन्ने छैन। आफ्नो प्रज्ञा प्रयोग गरी अध्ययन र अनुभव गरेर मात्र कुनै कुरालाई विश्वास गर्नुपर्छ अर्थात् आफ्नो स्वतन्त्र चिन्तनले विचार गरेर मात्र विश्वास गर्नुपर्छ। मैले भनेको भन्दैमा आँखा चिम्लेर स्वीकार नगर्नु, यसरी स्वीकार नगरेकोमा मलाई कुनै दुःख र अपशोच हुनेछैन।

यसरी बुद्धले स्वतन्त्र चिन्तनलाई प्राथमिकता दिनुभएको छ।

(३) **आफू नै आफ्नो मालिक**: बुद्ध शिक्षा अनुसार जुनसुकै प्राणीले भोगिरहेका दुःख र सुखका फलहरूको मुख्य जिम्मेवार उनीहरू आफै हुन्। त्यस्तै मुक्ति वा अरू कुनै कार्य सिद्धि पाउनका लागि प्रत्येक व्यक्तिले आफ्नै स्वविवेक र मेहनत प्रयोग गर्न सक्नुपर्छ। बुद्ध त हाम्रो मार्ग दर्शक मात्र हुनुहुन्छ। धम्मपदमा बुद्ध वचन यसरी उल्लेख गरिएको पनि छ।

**अत्ताहि अत्तनो नाथो – को ही नाथो परो सिया ?**
**अत्तना'व सुदन्तेन – नाथं लभति दुल्लभं**

**अर्थ**: आफू नै आफ्नो नाथ हो, आफू बाहेक अर्को नाथ को होला ? आफूले आफैलाई दमन गर्न सक्ने व्यक्तिलाई दुर्लभ ज्ञान प्राप्त भई सुख प्राप्त हुनेछ।

यसरी आफूले गरेको कर्मको प्रतिफल आफैलाई प्राप्त हुने भएकोले आफूलाई भविष्यमा कुन दिशामा लग्ने हो, त्यसको लागि आफै जिम्मेवार हुने कुरालाई बुद्ध शिक्षाले प्रष्टयाएको छ।

(४) **चतुआर्यसत्य**: संसारका यी चार सत्यहरूको समूहलाई चतुआर्यसत्य भनिन्छः–

१) दुःख आर्यसत्य २) दुःख समुदय (दुःखको कारण) आर्यसत्य ३) दुःख निरोध (नाश हुने) आर्य सत्य ४) दुःख निरोधगामिनी प्रतिपदा (दुःख अन्त गर्ने मार्ग) आर्यसत्य आदि।

जन्मनु, बृद्ध हुनु, रोगी हुनु, मर्नु, शोक हुनु, अप्रिय संयोग, प्रिय बियोग र इच्छाएको प्राप्त नहुनु नै दुःख हो। संक्षेपमा भन्ने हो भने पञ्चस्कन्ध (रुप, वेदना, संज्ञा, संस्कार र विज्ञान) नै दुःख आर्यसत्य हो। यी दुःख आर्यसत्यको कारण तृष्णा हो। पञ्च इन्द्रियद्वारा काम सुख भोग्ने काम तृष्णा, फेरि फेरि जन्म लिने आशाले उत्पन्न हुने भव तृष्णा र फेरि जन्म लिनै नपर्ने र



Downloaded from http://www.dhamma.digital

वर्तमान जीवनमा सकेसम्म मोजमस्तीले बिताउने आशा सहितको नास्तिक विचारधाराले ल्याएको विभव तृष्णा नै दु:ख समुदय (दु:खको कारण) आर्यसत्य हो । तृष्णालाई त्याग्ने र अनाशक्त हुनु नै दु:ख निरोध आर्यसत्य हो भने तृष्णाबाट मुक्त हुनको लागि प्रयोग गरिने आर्य अष्टाङ्गिक मार्ग दु:ख निरोध गामिनी प्रतिपदा आर्यसत्य हो । यी चार आर्यसत्यलाई बुद्ध शिक्षाले छर्लङ्गचाई दिएको छ । यही बुद्ध शिक्षाको मूल विशेषता पनि हो ।

(५) **मध्यम मार्ग:** बुद्ध शिक्षाको अर्को विशेषता मध्यम मार्ग हो । आफ्नो शरीरलाई अति दु:ख दिने र त्यही शरीरलाई अति भोग विलासीतामा राख्ने आदि यी दुबै अतिलाई त्यागी मध्यम तरिकाले जीवन जिउन सक्नु नै मध्यम मार्ग हो । यस मार्गलाई आर्य अष्टाङ्गिक मार्ग पनि भन्न सकिन्छ ।

१. सम्यक दृष्टि (ठीक तरिकाले बुझ्नु)
२. सम्यक संकल्प (ठीक उद्देश्य)
३. सम्यक वाणी (ठीक वचन)
४. सम्यक कर्मान्त (ठीक काम)
५. सम्यक आजीविका (ठीक जीविका)
६. सम्यक व्यायाम (ठीक अभ्यास)
७. सम्यक स्मृति (ठीक होश)
८. सम्यक समाधि (ठीक एकाग्रता)

बुद्धले देखाउनु भएको मध्यम मार्ग यही हो । यस मार्गले ज्ञानरूपी आँखा खोलिदिन्छ, जुन शान्तिको निमित्त हो । यही नै हाम्रो दु:ख, शोक सन्तापबाट मुक्तभई निर्मल ज्ञान प्राप्त गरी दु:खको अन्त्य गर्ने मार्ग हो ।

(६) **समय नबित्दै फल प्राप्त हुने:** बुद्ध शिक्षाले प्रत्येक प्राणीले रोपेको कर्म फल समय नबित्दै प्राप्त हुने कुरालाई प्रष्टाइएको छ ।

(७) **प्रतित्य समुत्पाद:** जन्मदेखि मरण र मरण पछि फेरि जन्म हुने भवचक्रलाई नै प्रतित्य समुत्पाद भनिन्छ । बुद्ध शिक्षाको सारतत्त्व प्रतिनिधित्त्व गर्ने यस प्रतित्य समुत्पादमा १२ वटा कडीहरू एक आपसमा सम्बन्धित भई एक चक्र बन्छ । यसलाई भवचक्र पनि भनिन्छ । एक कडीको कारणले अर्को कडी उत्पन्न हुन्छ । जसलाई कार्यकारण सिद्धान्त अर्थात् हेतुवादको सिद्धान्त पनि भनिन्छ । जुन यसप्रकार घुमिरहेको हुन्छ ।

अविद्या ➤ संस्कार ➤ विज्ञान ➤ नामरूप ➤ षडायतन ➤ स्पर्श ➤ वेदना ➤ तृष्णा ➤ उपादान ➤ भव ➤ जन्म ➤ मरण ।

मरण पछि फेरि अविद्याको कारणले संस्कार उत्पन्न भई फेरि यो प्रतित्य समुत्पादको चक्र चल्दै गएको हुन्छ । यस्तो सांसारिक दु:खको चक्रमा मानिसहरू अल्झिरहेका हुन्छन् । तर विपश्यना ध्यानद्वारा ज्ञान उत्पन्न गर्न सकेमा वेदना उत्पन्न हुने वित्तिकै तृष्णालाई काट्न सकेमा प्रज्ञा उत्पन्न भई यस भवचक्रबाट उम्कने शक्ति प्राप्त गरी धर्म चक्रमा प्रवेश गरी मार्गफललाई सांक्षात्कार गर्न सक्ने छौं । बुद्ध शिक्षामा आधारित यही प्रतित्य समुत्पाद आज वैज्ञानिकहरूका लागि विभिन्न तथ्यहरू पत्ता लगाउने सूत्र समेत बनिसकेको छ ।

यी विभिन्न कारणहरूले गर्दा बुद्ध शिक्षालाई आजका वैज्ञानिकहरूले नै मान्दै आइरहेका छन् । हामीले आफ्नो अज्ञानता र अन्धविश्वासलाई त्यागी अर्काको आशा र भरोसामा होइन, आफ्नै कर्म र कर्मफलमा जोड दिई बुद्ध शिक्षालाई व्यवहारमा उतार्न सक्नु परेको छ । आफूले जानेको यस शिक्षालाई जनमानसमा प्रचार प्रसार गरी बुद्धको बहुजन हिताय बहुजन सुखायको सिद्धान्तलाई सार्थक पार्नु हाम्रो कर्त्तव्य हुन गएको छ ।

■

## "प्रार्थना"

✍ सरोजमान उदास, पोखरा

भगवान बुद्धको शरणमा जाउँ
मानव जीवन सार्थक बनाउँ
शीलको पालन मैत्रीको भावना
नविर्सौं बुद्धको मन्त्रलाई जपन
चित्तहोस् शुद्धी आवोस् सुबद्धी
नहोस् अनाचार कहिल्यै कुबुद्धी
भगवान ... ...

सेवालाई सदा धर्म नै सम्झौं
रोगीसेवालाई बुद्धनै सम्झौं
उपकार सेवा गरौं सुकर्म
सुकर्म शुद्ध बुद्धको धर्म
भगवान ... ...

देख्न र सुन्न कहिल्यै नपरोस्
दु:ख र कष्ट आपत कसैको
सुख र शान्ति आरोग्य सदा
शुभ र मंगल होस् सबैको
भगवान ... ...



Downloaded from http://www.dhamma.digital

# थेरीगाथा-४

मूल लेखक : भरतसिंह उपाध्याय
*अनुवादिका* : **वीर्यवती**

### (२२) अड्ढकासी

अड्ढकासी बाराणसीको एक बेश्या थिइन्। उनीले एकदिन श्रावस्तीमा गई भगवान् बुद्ध समक्ष गई उपदेश सुन्ने विचार गरिन् । तर उनीसंगै बस्ने अरू थुप्रै बेश्याहरूले उनीलाई यस कार्य गर्न रोक्न थाले। त्यसैले उनले आफ्नो संपूर्ण विवसता बताई एक ब्यक्ति बुद्ध समक्ष पठाइन्। भगवान् बुद्धले पनि दूतको तर्फबाट नै उनीलाई भिक्षुणी बन्न आज्ञा दिनुभयो। अड्ढकासीले आफ्नो भित्री मनदेखि यथार्थ सत्यलाई बुझी ज्ञान प्राप्त गर्न सफल भइन्। यसपछि उनीले आफ्नो पहिलाको अवस्थाहरूलाई सम्झंदै यस वाक्यहरू बारबार भन्ने गर्न थालिन्–

सबै काशी राज्यको कति आम्दानी छ, यति नै मेरो मूल्य छ। आफ्नो सेवाको बदलामा मानिसहरूसँग मैले त्यो भन्दा कम मूल्य लिने गरेकी छैन ॥२५॥

तर त्यही राम्रा मूल्यहरू पनि मेरा लागि घृणाका कारण बन्न थाले, अनि आफ्नो मनमा ग्लानि पनि हुन थाल्यो।

ती मोहहरूबाट अब म अलग्ग भई विरक्त भेइसकें।

जन्म र मरणको चक्करमा मैले अब फेरि घुम्न पर्दैन। मैले तीनवटा विद्यालाई साक्षात्कार गरिसकें, भगवान अरहत् सम्यक सम्बुद्धको शासनलाई पूरा गरिसकें ॥२६॥

### (२३) चित्रा

राजगृहको एक धनी कूलमा चित्राको जन्म भयो। जुनबेला सर्वप्रथम राजगृह जाने मुख्य द्वारमा बुद्धको उपदेश उनीले सुनेकी थिईन् त्यस बेलादेखि उनको मनमा धर्मप्रति श्रद्धा उत्पन्न हुन थाल्यो । त्यसपछि उनी महाप्रजापति गौतमी समक्ष पुगी भिक्षुणी बनिन् । बूढ्ढा भइसकेपछि उनी गृधकूट पर्वत माथि बसी अवधूत व्रतको साधन गर्न थालिन्। फलस्वरूप उनीले त्यहिं अर्हत्त्व प्राप्त गरिन्। त्यसपछि उनीले आफ्नो अनुभव वारे वर्णन गर्दै यसरी उद्गार व्यक्त गर्न थालिन्–

म दुःखले दबाइएकी, बलहीन भएकी, फेरि ठूलो रोगले ग्रसित भएकी नारी हुँ। तैपनि मेरो आफ्नो खुट्टाको सहाराले मैले पर्वतको टाकुरामा पुग्ने कोशिस गरिराखें ॥२७॥

मेरो काँधबाट चीवर खस्यो । भिक्षापात्र पनि खसेर फुट्यो । तैपनि पर्वतको सहारा लिंदै आफ्नो शरीरलाई अनेक तरिकाले सम्हालि राखें। त्यही बेला मेरो अज्ञान रूपी अन्धकार नाश भयो ॥२८॥

### (२४) मैत्रिका

मैत्रिका राजगृहको एक ठूलो ब्राह्मणकी छोरी थिइन् । उनीले एक पर्वतमा गई ध्यान गर्न थालिन् । चित्राले जस्तै उनीले पनि अर्हत्त्व प्राप्त गरी आफ्नो उल्लासमय उद्गार यसरी पोख्न थालिन्।

म दुःखमा डुबिरहेकी, बलहीन, अधबैंसे नारी हुँ। तैपनि लौरोको बलले म पर्वतको टाकुरोमा पुग्ने कोशिस गर्दै थिएँ ॥२९॥

त्यहीं मेरो काँधबाट चीवर खस्यो, भिक्षापात्र खसी फुटचो । म पर्वतको टाकुरोमा पुगी त्यहीं रहन थालें । त्यहीं मेरो चित्तले मुक्ति प्राप्त गऱ्यो । मैले तीनवटा विद्या सिकीसकें । बुद्ध शासनलाई मैले पूरा गरिसकें ॥३०॥

### (२५) मित्रा

मित्रा कपिलवस्तु स्थित शाक्य राजकूलमा जन्मेकी नारी थिइन्। प्रजापति गौतमी समक्ष गई उनी भिक्षुणी भइन्। उनीले आफ्नो पहिलो जीवनलाई सम्झी ज्ञान प्राप्त गरेकी हुनाले खुशीले गद्गद् हुँदै आफ्नो मनको भाव यसरी पोख्न थालिन्–

औंसी, पूर्णिमा र प्रत्येक पक्षको अष्टमीको दिन मैले ब्रत गरी उपवास बसें।

मैले विचार गरें, (यसैबाट) देवयोनि प्राप्त गरी स्वर्गमा पुग्नेछु ॥३१॥

त्यसकारणले नै मैले आजसम्म पनि एक छाक मात्र खाई, कपाल खौरी, चीवर धारण गरिराखें।

तर अब मलाई देवयोनि मन परेन। स्वर्गमा बास गर्ने अभिलाषा पनि हरायो।

किनभने मैले हृदय बाल्ने आशालाई टाढासम्म फालिसकें ॥३२॥

### (२६) अभय-माता

अभय माताको साँच्चैको नाम पद्मावती थियो। उनी उज्जयिनीकी प्रसिद्ध बेश्या थिईन्। मगधका नरेश बिम्बिसारको तर्फबाट उनको एक पुत्र थियो। उनलाई अभय भनिन्छ । अभयलाई बिम्बिसारले साह्रै मनपराउँथ्यो। पछि अभयले प्रब्रज्या ग्रहण गरे। फेरि अभयको उपदेश सुनी उनको माता पद्मावती भिक्षुणी भइन्। अभयले दिएको उपदेश र आफ्नो मनको कुरोलाई गाभी अभयमाताले ज्ञानको पूर्ण प्रकाशले भरिएको भाव यसरी प्रकट गरिन्–

"आमा ! अशुचि र दुर्गन्धले भरिरहेको यस शरीरमा तिमीले आफ्नो पाइतालादेखि



Downloaded from http://www.dhamma.digital

टाउकोसम्म जाँचेर हेर्नु, ध्यानले गुणेर हेर्नु ॥"३३॥
यस शिक्षालाई अँगिकार गरी मैले त्यसरी नै ध्यानमा बसेर हेरें । हेर, मैले वासनाको जरो उखेलेर निर्वाणरूपी परम शान्तिलाई साक्षात्कार गरें । मेरो बलिराखेको आगो निभ्यो । निर्वाण प्राप्त गरी आज म परम शान्त बनें ॥३४॥

**(२७) अभया**

अभया उज्जयिनीको एक ठूलो कूलमा जन्मिइन् । अभयमातासँग उनको ठूलो मेल मिलाप भएको हुँदा अभयमाता भिक्षुणी भइसके पछि उनी आफू पनि भिक्षुणी बनिन् । एकदिन अशुभ भावना गर्नको लागि कोही पनि नभएको स्थानमा उनी पुगिन्, तर त्यहाँ पुगेपछि उनी एकदम तर्सिन् । त्यहीबेला भगवान बुद्ध गन्धकुटीमा बस्नु भएको थियो, आफ्नो योगबलद्वारा बुद्धले अभयाको अगाडि आउनुभई उपदेश दिनु भए जस्तै गरी उपदेश दिनुभयो । अभयाले ध्यान बलद्वारा निर्मल भइरहेको कल्पनाको सहायताले यसरी प्रसारण भइरहेको बुद्ध वचनलाई सुनिरहिन् ।

"अभया ! यस शरीर केही क्षणको लागि मात्र हो । ज्ञानहीन मानिसहरू यसैमा आशक्त भइरहन्छन् ।
चित्तलाई स्थिर गरी ज्ञान स्मृति सँगसँगै शरीर त्याग्नेछु" भनी तिमीले निश्चय गर्नु ॥३५॥
धेरै गम्भीर दु:खसँग लड्दै अप्रमादिनी भई मैले पछि जितेरै छोडें । वासनारूपी जरोलाई मैले काटीदिएँ । फलस्वरूप बुद्धको शासनलाई पूरा गरें ॥३६॥

**(२८) श्यामा-१**

श्यामा कौशाम्बीको एक प्रतिष्ठित नागरिककी छोरी थिइन् । कौशाम्बीको राजा उदयनकी रानी श्यामावतीको एकदम मिल्ने साथी थिइन् । श्यामावतीको मृत्युले उनीलाई ठूलो शोक हुन पुग्यो । त्यसकारण उनीले प्रव्रज्या ग्रहण गरिन् । तर शोकको कारणले गर्दा उनीले आर्य मार्गमा राम्ररी अभ्यास गर्न सकेन । एकदिन आनन्दको उपदेश सुनी उनीले चित्त एकाग्र गर्नको लागि ठूलो मेहनत गर्न थाल्यो । उनको मेहनत सफल पनि भयो । त्यसैले उनीले आफ्नो मनमा हर्षरूपी फूल फुलाई उद्गार यसरी पोख्न थालिन्–

शान्त नभएको चित्तलाई शान्त पार्नको लागि फेरि बिद्रोही मनलाई वशमा पार्नको लागि म विहारबाट बाहिर गई चार पाँच पटक यताबाट उता ओहर दोहर गर्न थालें ॥३७॥

आज आठौं दिनको रात्री हो, जुन रातमा म वासनाबाट मुक्त भएँ । ठूलो दु:खसँग लडाईं गर्दै मैले अप्रमादिनी भई जितें । वासना क्षय भयो, बुद्धको अनुशासनलाई पूरा गरें ॥३८॥ ■

✿✿✿✿✿✿✿✿✿✿✿✿✿✿✿✿✿✿

## बिचाः हायका

✿✿✿✿✿✿✿✿✿✿✿✿✿✿✿✿✿✿

अनिच्चावत संखारा, उप्पाद वय धम्मिनो ।
उपज्जित्वा निरुज्झन्ति, तेसं ऊपसमो सुखो ॥



**( मदुम्ह मय्‌जु द्योमाँ बज्राचार्य )**

बुदिं : १९७१ साल जेठ पूर्णिमा
मदुगु दिं : २०५४ साल चैत्र २६ बुधबार

धर्मकीर्ति मासिक पत्रिकाया विशेष सदस्य मय्‌जु द्योमां बज्राचार्य मदुगुलिं दु:खं क:पिं छचैंज:पिसं संसार अनित्य ख: धका: थुइके फय्‌मा धयागु मनंतुसे बिचा हायका ।

– धर्मकीर्ति

**धर्मकीर्ति पत्रिकाका विशेष सदस्यहरू:–**

**क्र.सं. २८६**
**अनगारिका सुनन्दी**
**धर्मकीर्ति विहार, श्रीघ:**
**रु. १००५/–**

**क्र.सं. २८७**
**मीना तुलाधर**
**क्षेत्रपाटी, काठमाडौं ।**
**रु. १०००/–**

**क्र.सं. २८८**
**अमीर कुमारी शाक्य**
**१२/४१६ असन टोल, काठमाडौं ।**
**रु. १०००/–**


Downloaded from http://www.dhamma.digital

# परम्परा विहीन परम्परा

✍ विश्व शाक्य, पोखरा

"किरिङ्ग किरिङ्ग, किरिङ्ग किरिङ्ग" टेलिफोनको घन्टि बज्यो । बिहान ५ बजेको थियो । मैले ओछ्यान छोडिसकेको थिएँ । फोन उठाएँ । उताबाट आवाज आयो "हेलो ! विश्व हो ?" मैले आवाज चिनें । विहारबाट गुरुमाँले फोन गर्नुभएको रहेछ । मैले "वन्दना गुरुमाँ" भनें । उताबाट गुरुमाँले "सुखी होस्" भन्दै काठमाडौंबाट बिहान ४ बजे नै अश्वघोष भन्ते आइपुग्नु भएको जानकारी दिनुभयो । "म तुरून्त आइहालें गुरुमाँ भनेर फोन राखें । यी कुराहरू वैशाख २७ गते बिहान भएका कुरा हुन ।

भिक्षु अश्वघोष महास्थविर नेपालमा औंलामा गन्न सकिने बुद्ध शिक्षा प्रचारकहरू मध्यका एकजना व्यक्तित्व हुन् । उहाँ जसरी धारावाहिक रूपमा कथा वाचन गर्नसक्नु हुन्छ त्यसरी नै नियमित रूपमा कलम चलाउनमा पनि सक्रिय हुनुहुन्छ । गत चैत्र ५ गते पोखरामा पहिलो पटक श्रामणेर बनाउने कार्यक्रमको लागि उहाँ पोखरा आउनु भएको थियो । त्यसैबेला बैशाख पूर्णिमाको दिन म्याग्दी, बेनीमा विशेष कार्यक्रम रहेको र सो कार्यक्रममा सहभागी बनिदिन आग्रह गरेको थिएँ । उहाँले मेरो आग्रहलाई सहर्ष स्वीकार गर्नुभएको थियो । त्यही स्वीकारोक्ति अनुसार बेनीमा हुने २५४२ औं गौतम बुद्ध पूर्णिमा कार्यक्रमको लागि उहाँ २७ गते बिहानै (रात्रीबसबाट) पोखरा आइपुग्नु भएको थियो । उहाँको आगमन समाचारले म सारै प्रशन्न भएँ र हुरिंदै धर्मशीला बुद्ध विहार पुगें ।

विहार पुगेर भन्तेलाई वन्दना गर्न पनि भ्याएको थिइन भन्तेले आश्चर्य मान्दै सोध्नु भयो- "होइन बेनीमा त केही कार्यक्रम छैन रे । त्यहाँको कार्यक्रम त रद्द भयो रे भन्यो ।"

भन्तेको कुरा सुनेर मेरो मुखबाट अचानक निस्क्यो - "कस्ले भन्यो भन्ते तपाईंलाई ?"

'खै मैले त काठमाडौंमा सुनेको' उहाँले स्पष्ट पार्दै भन्नु भयो- बाग्लुङ्गबाट मान्छे पनि आएको थियो रे फोन पनि गरेको थियो । एकजना उपासकले त– "बेनीमा बौद्धहरू पनि छैन, कुनै संस्था भएको पनि थाहा छैन कसले कार्यक्रम गर्छ र त्यहाँ भन्यो ।"

उहाँ अलिकति हाँस्दै फेरि भन्नुभयो– "खै ! त्यो त मलाई थाहा छैन विश्व शाक्य भन्ने उपासकले बनाएको कार्यक्रम हो मैले त २ महिना अगाडि नै स्वीकार गरिसकेको भनें ।"

भन्तेको कुरा सुनेर म आश्चर्यमा परें । २६ गते बेलुकी मात्र म्याग्दी बौद्ध संघका अध्यक्ष प्रकाश श्रेष्ठसँग कार्यक्रम बारे सविस्तार कुराकानी भएको । फेरि यो कुरा कहाँबाट उठयो ? मैले भन्तेलाई आश्वस्त पार्दै भनें – "होइन भन्ते ! यी सबै कुरा झुठा हुन् । हिजो मात्रै बेनीमा सम्पर्क भएको छ त्यहाँ कार्यक्रम छ । बाग्लुङ्गमा त बेनीको कार्यक्रम सकेर दिउँसो ३ बजेसम्म आइपुग्ने भन्ने सल्लाह भएको हो । त्यो पनि म आफैंले बाग्लुङ्गमा सम्पर्क गरेर जानकारी गराएको । झन उनीहरूले नै बेनीमा कार्यक्रम छैन भनेर कसरी भनेछन् ?"


मेरो कुरा सुनेर भन्ते आश्वस्त हुनुभयो । म चाँहि भन्तेको कुरा सुनेर तीन छक्क परें । बेनी, बाग्लुङ्गको कार्यक्रम सकेर आउँदा धर्मशीला बुद्ध विहार, पोखराकी गुरुमाँले पनि भन्दै हुनुहुन्थ्यो– "भन्ते र तपाईं विहार बाट निस्केर पर पनि पुग्नु भएको थिएन होला बाग्लुङ्गबाट फोन आएको थियो र भन्दै थियो– म्याग्दी बेनीमा केही कार्यक्रम छैन अश्वघोष भन्तेलाई सोझै बाग्लुङ्ग पठाइदिनुहोला । मैले त, भन्ते र विश्व त बेनीको लागि भरखर मात्रै निस्कनु भयो भनि दिएँ ।"

हामी निर्धारित समयमा म्याग्दीको सदरमुकाम बेनी बजार पुग्यौं । मध्यान्ह ठ्याक्क १२ बजेको थियो । भोजन हामीले कुश्मा (पर्वतको सदरमुकाम) मै गरिसकेका थियौं । भन्ते रात्रीबसबाट बिहान मात्रै आइपुग्नु भएको र फेरि यहाँ पनि बसबाट आउँदा थाकिसक्नु भएको हुँदा आरामको लागि व्यवस्था भयो । साँझतिर बेनी बजार घुम्नुका साथै म्याग्दीमा पहिलो विहार निर्माण स्थल निरिक्षणमा हिंड्यौं । साथमा म्याग्दी बौद्ध संघका अध्यक्ष प्रकाश श्रेष्ठ पनि हुनुहुन्थ्यो ।

भोलिपल्ट बिहान, बैशाख २८ गते निर्धारित समयमा बुद्ध भगवान्‌को फोटो सहित बेनी बजारमा शान्ति पदयात्रा शुरू भयो । स्कूलका विद्यार्थीहरू देखि बेनीका प्रबुद्ध वर्गहरूको पनि सहभागिता त्यहाँ देखियो ।



Downloaded from http://www.dhamma.digital



बेनीमा बुद्ध जयन्ती झलक

शान्ति पदयात्रा स्थानीय लक्ष्मीनारायण मन्दिरमा विसर्जन भएपछि २५४२ औं गौतम बुद्ध पूर्णिमा तथा म्याग्दी बौद्ध संघको प्रथम महाधिवेशन कार्यक्रम सुसम्पन्न भयो । कार्यक्रमको समुद्घाटन माननीय जिल्ला न्यायाधिश करूणानिधि शर्माले गर्नुभएको थियो



गोरखामा प्रवचन समारोह

भने प्रमुख वक्ताको रूपमा अश्वघोष भन्तेले धर्मदेशना गर्नुभएको थियो । बेलुकी पख रथयात्राको कार्यक्रम पनि थियो । १२ बजे अगावै भोजन सकेर हामी (भन्ते, यस पंक्तिकार र पोखराबाट आउनुभएका अर्को एकजना साथी) १ बजेको बसबाट बाग्लुङ्गको लागि रवाना भयौं ।

बेनीको बुद्ध जयन्ती कार्यक्रममा भएको सहभागिता र विभिन्न वक्ताहरूको धारणा सुनेर भन्तेले आफ्नो धर्मदेशनाको क्रममा भन्नुभएको थियो– म पोखरा आउनुभन्दा अगाडि नै काठमाडौंमै बाग्लुङ्गबाट खबर आएको थियो बेनीमा केही पनि कार्यक्रम छैन । त्यहाँको कार्यक्रम क्यान्सिल भयो । भन्ते सोझै बाग्लुङ्ग आउनु होला भन्नुभएको थियो । मैले त २ महिना अगाडि नै वचन दिइसकेको भनेर आएँ । यहाँ आउँदा त आश्चर्य नै लाग्यो । यहाँ बौद्ध संस्था छैन भन्थ्यो– त्यो पनि रहेछ । यहाँ धर्मबारे कसैलाई जानकारी छैन भन्थ्यो– अहिले तपाईंहरूको मन्तव्य सुन्दा धेरै कुरा थाहा रहेछ भन्ने लाग्यो । बुद्धधर्म प्रति तपाईंहरूको गहिरो श्रद्धा रहेछ भन्ने पनि लाग्यो । मलाई त धेरै खुसी लाग्यो ।"



बाग्लुङ्गमा बुद्ध जयन्तीको दृश्य

हामी साढे दुई बजे बाग्लुङ्ग पुग्यौं । बसपार्कमा केही उपासकहरू भन्तेको स्वागतका लागि आएका रहेछन् । बस बिसौनीबाट हिंडेर हामी ज्ञानोदय बुद्ध विहार पुग्यौं । विहारमा पुगेका मात्र के थियौं एउटी उपासिकाले यस पंक्तिकारलाई तान मार्दै भनिन– "ओ हो ! लौ यहाँलाई धन्यवाद ! आफ्नो जिद्दी पुऱ्याएरै छाड्नु भयो ।"

उहाँको भनाईको तात्पर्य थियो "यस पंक्तिकारले भन्तेलाई आफ्नो जिद्दी पूरा गर्न जवरजस्ती बेनी लिएर गयो ।" वास्तवमा त्यो भनाई सोऱ्है आना मिथ्या र गलत आरोप थियो । ती उपासिकाको भनाइ सुनेपछि मेरो मनमा एकाएक बुद्धकालीन एउटा घटना याद आयो र मनमा लाग्यो सत्य चाहे विगतमा होस् चाहे वर्तमान आखिर सत्य नै हुँदो रहेछ ।

घटना अम्वपालिसँग सम्वन्धित थियो । एक समय भगवान् गौतम बुद्ध वैशाली आउनु भएको थियो । संयोगवस अम्वपालीको आम्रबनमा भगवान रहनु भएको थियो । यो कुरा अम्वपालीले थाहा पाएपछि उनी भगवान्को दर्शनको लागि आम्रवन पुगिन । भगवान्को दर्शनका साथै धर्म श्रवण पछि श्रद्धावस भोलिको भोजनको लागि भिक्षु संघ सहित निम्तो दिइन् । भगवानले कृपापूर्वक मौन रहेर स्वीकृति दिनुभयो ।



Downloaded from http://www.dhamma.digital

अम्वपाली यद्यपी नगर बधु थिइन् फेरि पनि भगवानले उनको भोजन स्वीकार गर्नुभयो । उसको खुशीको सीमा रहेन । खुशीले जथाभावी रथ हाँक्दै डिंड्न थालिन् । वैशालीका प्रभावशाली सम्पन्न युवा लिच्छवीहरूसँग पनि उनी हिचकिचाइनन् । यसको कारण लिच्छवीहरूले बुझ्न खोज्दा उनले भोलिको भोजनको लागि भगवानलाई भिक्षुसंघ सहित निम्तो गरेको र भगवान भोजन ग्रहण गर्न भोलि आउँदै हुनुभएको कुरा बताइन । यो भोजन गराउने अवसर हामीलाई देउ यसको बदला हजारौं कार्षापण (स्वर्ण मुद्रा) हामी तिमीलाई दिन्छौं भन्दा पनि उनी आकर्षित भइनन् । केही सीप नलागेपछि युवा लिच्छवीहरू भगवान् बुद्धसामु उपस्थित भए र भगवानसँग प्रार्थना गर्न थाले– भगवान् कृपा राखी भोलिको भोजन स्वीकार गरिदिनु होस् ।"

भगवान गौतम बुद्धले भोलिको भोजन अम्वपाली कहाँ स्वीकृति दिइसकिएको जनाउ दिंदै असक्तता जाहेर गर्नुभयो । यो परम्परा र सत्य अनुष्ठान थेरवादी बौद्ध भिक्षुहरूमा अद्यावधि कायम नै रहँदै आइरहेको छ । तर अपशोच ! ठाउँ कुठाउँमा हामी बौद्ध हौं भनेर गर्व गर्नेहरूले त्यो स्वस्थ परम्परा र सत्य अनुष्ठानको आदर गर्न नजान्नु कहाँसम्मको मूर्खता हो एक पटक छातीमा हात राखेर सोच्ने बेला आएको छ । ■

## असार पुन्ही खुन्हु बुद्ध लुमंका ✍ बेखारत्न शाक्य, यल

नीन्यास: व पीइछदं पुला:
पीनिदं क्यंगु न्हूगु वर्षे थौं
बुद्ध शिक्षाया महत्व थुइका
शरण वनेनु भ्री बुद्धया । (१)

बुद्धया वाक्य न्ह्याक्व पुलां सां
म्हना मवंसे थिना च्वनी ।
सुपाँय् चीका ख्वा: क्यों वोम्ह
तिमिला थीथें थिना च्वनी । (२)

सिचुगु नुगलं मन स्वाँ ह्वयेका:
मभिंगु आचरण तोता छ्ववयेनु ।
बुद्धया गुण व त्याग लुमंका:
धर्माचरणे भ्री च्वनेनु । (३)

मनूया कर्तव्य मनुखं मथूसा
खनीगु सुनां थन ज्ञान मत ?
इले हे ज्ञानया मिखा चायेका:
बुद्धया शरणय् भ्री वनेनु । (४)

# सम्यक गीत

✎ भिक्षु बिशुद्धानन्द

### १. सुख

सुखकर बुद्धको दर्शन, साथै वहाँको ज्ञान
अझ सुखकर हुन्छ, गर्नाले धम्माचरण

जितले वैरभाव, हारले दुःख ल्याउंछ
हारजित रहित पुरुष शान्त सुखी हुन्छ
पुण्यवान सुखी हुन्छ, यो लोक परलोकमा
सत्कर्म सम्झना गर्दै, सुख बढाउँदै लान्छ

त्यागेर थोरै सुख, आएमा धेरै सुख
धेरै सुखको लागि त्याग्नु, वेश थोरै सुख
इन्द्रिय संयम सुख, भोजन मात्राज्ञान सुख
होशपूर्ण जीवन सुख, तृष्णा क्षय धरम सुख

### २. को श्रेष्ठ ?

सम्बुद्ध मानिसमा श्रेष्ठ, सत्य स्वादिष्ट रसमा
आफू सबै भन्दा प्यारो, आमा भित्र घरमा

सन्तोष परम धन, भोक परम रोग
लाभमा निरोगिता, विश्वास आफन्तहरूमा
वैराग्य परम धर्म, प्रज्ञा परम रत्न
जन्म गराउनेमा तृष्णा, पुण्य चोर्न नसक्नेमा

राग परम आगो, द्वेष परम पाप
सत्यमा आर्यसत्य, विद्या भलो गराउनेमा
निर्वाण परम सुख, संस्कार परम दुःख
सेवकहरूमा पत्नि, कुरा सुन्ने छोराहरूमा

### ३. मूर्ख

लोभ क्रोध अज्ञानमा जो सदा फस्दछ
पछुतो हुने काम गर्नेलाई मूर्ख भन्दछ

मूर्ख आफू पनि जान्दैन, अरूलाई पनि मान्दैन
तर्क शंका उपहास गरी, आफ्नो हात माथि पार्छ
मूर्खको मूर्खता देखेर, विद्वान जब चुप लाग्छ
तब मूर्खले आफूलाई, सफल अनि महान ठान्छ

आलश्य बेहोशी चञ्चल, हुनलाई मह ठान्दछ
उन्नति अवसर गुमाउँदै मूर्ख तडपिएर बस्छ
अहंकारी कञ्जुसी ईर्ष्यालु, हुँदै बिनासिन्छ मूर्ख
उत्साह धैर्य विवेकरहित मूर्ख आफ्नै शत्रु बन्छ

### ४. शुभ कामना

मरणको नेतृत्व गर्ने, शुभ जन्म दिनमा
उपहार के दिउँ वस्तु, छैन स्थिर स्थायी
त्रिरत्न शरणमा जीवन, समर्पित भएर
खुलोस् आँखा स्वयम्भूको, आर्य सत्यहरूमा

प्रभाश्वर चित्तलाई पाहुनाले, धमिल्याए जस्तै
हितैषिको रुपमा पनि, आई पर्छन् मारहरू
प्रकाशित हुन सकोस, क्लेश संग्राम जितेर
बादल पन्छाएर चम्किने चन्द्रमा जस्तै

आवेश शान्त नभए सम्म, रागको महत्व जस्तै
भोग सम्पत्तिको मूल्य हुन्छ, मृत्यु नआए सम्म
फक्रिन सकोस् भई, आर्य ज्ञानले पूर्ण
हिलोको बन्धन तोड्ने कमल जस्तै



Downloaded from http://www.dhamma.digital

# थरिथरिका मानिसहरू

✍ भिक्षुणी कुसुम

संसारमा हामीहरूले असंख्य प्राणीहरू देखिरहेका छौं । ती मध्ये मनुष्य जीवनलाई अमूल्य रत्न भनी संज्ञा दिइराखेको छ । किनभने मानिसहरूमा चिन्तनशक्ति छ विवेक बुद्धिद्वारा असल खराब छुटयाउन सक्ने विशेषगुणहरू छन् । यसैले बुद्ध भन्नुहुन्छ– **"किच्छो मनुस्स पटिलाभो – किच्छं मच्चानं जीवितं ।"** गुणवान मनुष्य भएर जन्मलिनु कठीन छ र बाँचुन्जेलसम्म मनुष्यको जीवन दुःखमय छ, संघर्षमय छ ।

तर यस्तो अमूल्य जीवन पाएर पनि मानिसहरू अविद्या, अन्धकार र अनैतिकतामा रूमल्लिएर मानिसहरूमा हुनुपर्ने गुणहरू सबै गुमाइरहेका छन् । मानिसहरूले उपभोग गर्ने वा अनुभव गर्नसक्नु पर्ने मानसिक शान्तिबाट समेत वन्चित भइरहेका असंख्य मानिसहरू छन् । विवेक बुद्धि र मानसिक शक्ति भनेको मानव मात्र हुन्छ पशुमा हुनसक्तैन । मनुष्य जीवन पाएर पनि सत्मार्ग अपनाउन नसकेकोले मनुष्यहरूलाई थरि थरिमा विभाजन गर्न सकिन्छ ।

१. प्रेत जस्तो नारकीय जीवन बिताइरहेका मानिसहरू,
२. पशुत्व भएका मानिसहरू,
३. राक्षसत्व स्वभाव भएका मानिसहरू,
४. देवत्व भएका तथा शुद्धमानवत्व भएका मानिसहरू ।

**१. प्रेत जस्तो नारकीय जीवन बिताइरहेका मानिसहरूः–**

कुनै पनि मानिसहरूलाई हामीले मनुष्यभई जीवन बिताईरहे तापनि नारकीय जीवन बिताइरहेका मानिस भनि संज्ञा दिन सक्छौं । अभाव हुनु, चाहेको इच्छा पूरा नहुनु, विभत्स अशान्ति, दुःख घिनलाग्दो फोहर दुर्गन्धित ठाउँमा बसोबास, झैझगडा कलह आदि भएको ठाउँलाई हामीले नरकभनी संज्ञा दिन सक्छौं ।

फेरि अर्को विभिन्न कारणहरू जस्तो शिक्षाबाट वञ्चित भइरहनुपर्ने, स्वास्थ्यलाभ गर्नको निमित्त साधनको अभाव, खाद्य लत्ताकपडा आदिको अभाव भइरहनुपर्ने पनि ठूलो दुर्भाग्यको कुरो भन्नुमा दुईमत हुन सकिदैन होला । कुनै कुनै जन्मैदेखि अपाङ्ग भई शरीर हलनचलन गर्न नसकी मलमूत्रमा लडीरहेका वा कुनै यस्तै प्राण घातक रोगबाट पीडित भई शारीरिक र मानसिक रोगबाट पीडित भइरहेका पनि असंख्य छन् ।

यस प्रकारको अवस्थामा रहेर पनि शुद्ध वातावरणमा बस्न पाउनबाट समेत वञ्चित भई बस्ने ठाउँ अत्यन्त फोहरमैलाले युक्त, दुर्गन्धित, सडक गल्लीबाट निस्केको थुप्रो, काम नलाग्ने कलकारखानाका पार्टपूर्जाहरू, सडीरहेका मृत जनावरहरूको लाशमाथि चील, गिद्द आदिले लुछिरहेका, ढल फुटेर वा बन्द भएर त्यसबाट बगिरहेको दुर्गन्धित नाल आदि दुषित वातावरणमा बसोबास गरिरहेका थुप्रै मानिसहरू हामी देख्छौं ।

यस्तो अवस्थामा रहेर पनि आपसमा वैमनश्यता, क्रोधी स्वार्थी लोभ अशान्ति आदि कारणले गर्दा भित्री मनलाई समेत त्यत्तिकै दुषित र कलुसित तुल्याएको छ । यस प्रकारको बाह्य वातावरण र भित्री मनस्थितिलाई नारकीय, नारकीय जीवन बिताइरहेका मानिसहरू भन्न नसक्ला र ?

यस प्रकारका मानिसहरूले आफू कुन अवस्थामा छन् भन्ने कुरालाई विचार गर्नसम्म पनि सक्ने छैन र यही वातावरणमा नै मज्जा लिइरहन्छ । यस दुःखदायी जीवनबाट उम्केर राम्रो असल जीवन बिताई सभ्य बन्ने भावना नै हुँदैन र कोशिशसम्म पनि गर्दैनन् । यस प्रकारको जीवन बिताइरहेको मानिसहरूलाई नारकीय जीवन बिताइरहेका मानिस भनि तुलना गर्न सकिन्छ र विद्वानजनहरूले, पण्डितजनहरूले यसप्रकारको दृश्यलाई भयावह भनिन्छ ।

**२. पशुत्व भएका मानिसहरूः–**

पशुसंग रहेका स्वभाव भएका मानिसहरूलाई पनि हामी देखिरहेका छौं । मानिसहरूसंग हुने बुद्धि विवेक र स्वतन्त्ररूपले चिन्तन गर्ने शक्ति पशुहरूमा हुँदैन । पशुहरूसंग लज्जा र भय भन्ने हुँदैन । उनीहरू आत्म सुरक्षाको निमित्त लुकीछिपि हिंड्नुपर्ने हुन्छन् ।

मानिसहरू पनि पशुहरूको स्वभाव जस्तै बुद्धि विवेकहीन भएर स्वतन्त्र रूपले विचार गर्न सक्ने शक्तिको अभावले गर्दा ठीक र बेठीकलाई छुटयाउन



Downloaded from http://www.dhamma.digital

नसकी आफ्नो अमूल्य जीवन पशु सरह बिताइरहेकाहरू पनि असंख्य छन् । यस्तो स्वभाव भएका मानिसहरूसँग समाज देखेर लज्जा र भय पनि नहुने भएकोले जुनसुकै अपराध गर्न पनि पछि हट्दैनन् र उनीहरूको आचरण र व्यवहार पनि पशु सरह नै हुन्छ ।

अनेकन दुःखकष्ट सहेर हुर्काउने आमाबाबुलाई पनि आफू सक्षम हुने बित्तिकै बिर्सिदिने छोराछोरीहरू पनि छन् । पशु पंक्षीहरूले पनि आफू उड्न वा हिंड्न जानीसकेपछि आमाबाबुलाई चटक्कै छोडेर अन्तै गइन्छ । त्यस्तै मानिसहरूले पनि आमाबाबु, गुरु, इष्टमित्र नातेदारहरू प्रति गर्नुपर्ने कर्तब्य अर्थात् बुद्धले बताउनु भएको गृही-विनय जस्ता उपदेशलाई कुनै पर्वाह गर्दैनन् । अनुशासन हीन भएर उच्छृंखल भएर हिंडिरहन्छन् ।

नत यिनीहरूसँग मैत्री करूणा आदि गुण नै हुन्छ । एक मानवले अर्को मानव उपर निर्ममतापूर्वक व्यवहार गरी कुनै पनि प्रकारको मैत्री र भातृत्व नदेखाएर सम्पूर्ण जीवन खाने र सुत्नेमा नै बिताउँछन् । यसरी पशु जस्तो स्वभाव भएकोले होलान् कुनै कुनै आमाबाबुहरूले आफ्ना छोराछोरीहरूलाई पशु, भेंडा, गधा भनी गालि गरी सकेसम्म तिनीहरूलाई सचेत गरी सभ्य बनाउँन खोज्छन् ।

यस प्रकारका मानिसहरूलाई शिक्षित भन्न सकिंदैन । यिनीहरू अशिक्षित, नैतिक पतन र पशुत्व भएका मानिसहरू हुन् । यी पशुत्व भएका मानिसहरू पनि हामी असंख्य देख्छौं ।

**३. राक्षसत्व स्वभाव भएका मानिसहरू:-**

राक्षस भन्नाले स्वभावैले भोजन मात्रको ज्ञान नभएको हिंसक जंगली कडा स्वभाव भएका हुन्छन् । यस प्रकारका स्वभाव भएका मानिसहरू हामी राक्षसत्व स्वभाव भएको मानिसहरू भनी तुलना गर्न सकिन्छ । मनुष्य भएर पनि अत्यन्त क्रोधी, जंगली स्वभाव, हिंसक, घमण्डी, निर्दयी स्वभाव भएका पनि हुन्छन् । सानो निहुँमा पनि अत्यन्त क्रोधीत भई हातहतियार हातमा लिई आपसमा हिंसात्मक स्थीति पैदा गर्न पनि पछि हट्दैनन् । साथै यिनीहरूमा भोजनमा मात्राको ज्ञान नभई सीमाभन्दा पनि बढी भोजन गर्ने, बढी मात्रामा लागू पदार्थको सेवन गर्ने, प्राणीहिंसा गरी मांस सेवन गर्ने तथा बढी सुत्ने आदि गर्नेलाई राक्षसी स्वभाव भन्न सकिन्छ । यसप्रकार स्वभाव भएका मानिसलाई मानव नभनी दानव स्वभाव भनी तुलना गर्न सकिन्छ ।

**४. देवत्व भएका तथा शुद्ध मानवत्व भएका मानिसहरू:-**

शुद्ध मानवत्व भएका मानिसहरू पनि यस संसारमा नभएका होइनन् । यिनीहरूलाई हामीले देवत्व भएको मानिस भनि संज्ञा दिन सकिन्छ । मानवताको भावना भएका मानिसहरूसँग देवत्वमा हुने गुणहरू हुन्छन् । यिनीहरूले मानिस भएर गर्नुपर्ने कर्तव्य राम्ररी बुझेका हुन्छन् । गृहस्थीमा रहेर पनि गृही-विनय (कर्तब्या कर्तब्य) को ज्ञान सद्धर्म, दया करूणा मैत्री आदिले पूर्ण भइरहन्छ । साथै यिनीहरूमा मानवताको भाव बृद्धि भई असल आचरण र सदाचारी भई ईन्द्रियमा समता, भोजनको मात्रामा ज्ञान, सदैव जागरूकता जस्ता गुणधर्महरूले पूर्ण भइरहन्छ । आफ्नो मनलाई संधै समतामा नै राख्दछ अर्थात् ब्यवहारमा आइरहने (अष्टलोक धर्म) निन्दा प्रशंसा, यश अयश, सुख: दुःख र लाभ अलाभ आदिबाट कुनै असर पर्न नदिई यसबाट टाढा रहन खोज्छ ।

यस्ता गुणधर्महरूले गर्दा यिनीहरूलाई देवत्वको गुण भएको अर्थात् देवता जस्ता मानिसहरू भनि तुलना गर्न सकिन्छ । यिनीहरूले मानव भएर गर्नुपर्ने कर्तब्यलाई कहिल्यै नबिर्सि कसैलाई आपद, विपद, अत्याचारमा आफ्नो कर्तब्य संम्झी भित्री दिलदेखि सक्रिय भएर सक्दो सहयोग गरिरहन्छ ।

यसरी देवत्व भएका मानिसहरूलाई मात्रै मानवताको मूल्याङ्कन गर्न सकिन्छ । यिनीहरू संधै मनुष्य जीवनको मूल्य र महत्वपूर्ण सम्झी समयलाई सदुपयोग गरी सदाचार र सभ्य जीवन बिताइरहन्छन् । यसैले बुद्ध भन्नुहुन्छ–

**यो चे वस्ससतं जीवे - दुप्पञ्ञो असमाहितो ।**

**एकाहं जीवितं सेय्यो - पञ्ञावन्तस्स झायिनो ।**

बुद्धिहिन असमाहित ब्यक्ति सय वर्ष जीउनुभन्दा आफ्नो मनलाई संयम गरी प्रज्ञावान् भएर एक दिनमात्र जीउनु नै बेश छ ।

■



Downloaded from http://www.dhamma.digital

# १. सदाचरण के हो ?

*लेखक:* **डा. अम्बेडकर**
*अनुवादक:* **ललितरत्न शाक्य**

१. एकबखत भगवान् बुद्ध महान भिक्षु संघ सहित भिक्षाको निमित्त चारिका गर्दै शाला भन्ने एउटा ब्राह्मण गाउँमा पुग्नुभयो । यो गाउँ कोशल राज्यमा पर्दथ्यो ।

२. शाला गाउँका ब्राह्म मुखियाहरूले भगवान् बुद्ध चारिका गर्दै कोशल राज्यभित्र आफ्नै गाउँमा आइपुग्नु भएको कुरा सुने ।

३. तिनीहरूले उहाँको दर्शन गर्न जानु उत्तम कुरा हो भनी ठाने । शाला गाउँका ब्राह्मणहरू भगवान् बुद्ध बस्नुभएको ठाउँमा पुगे । नागरिक अभिनन्दन पश्चात् एकातिर गएर बसे ।

४. सदाचरणको के अर्थ हुन्छ भन्ने कुराको व्याख्या गर्न तिनीहरूले तथागतसँग प्रार्थना गरे ।

५. ध्यानपूर्वक सुन्न उद्यत ब्राह्मणहरूलाई भगवान् बुद्धले भन्नुभयो– "शरीरका तीन असल तथा दुष्ट आचरणहरू हुन्छन्; 'वाणीका' चार र 'विचार-शक्तिका' तीन ।"

६. "जहाँसम्म शरीरको दुराचारको कुरा छ, मानिसले (१) रक्तरंजित हातद्वारा, हत्यारा भएको कारण प्राणीहरूप्रति दया नभएको कारण मारकाट गर्न सक्छ । (२) उसले गाउँ वा वनमा जुन वस्तु आफ्नो हुँदैन, त्यसलाई चोरीको नियतले (कसैले) दिंदै नदिईकन लिन सक्छ; अथवा (३) त्यसले माता, पिता, भाई, बहिनी अथवा अन्य सम्बन्धीहरूका अधीनतामा बस्ने (अविवाहित) केटीहरूसित- जसको वैवाहिक सम्बन्ध भइसकेको हुन्छ, जसको गलामा वैवाहिक माला परिसकेको हुन्छ, व्यभिचार गर्न सक्छ ।"

७. "जहाँसम्म वाणीका खराव आचरणका कुरा छन्- (१) मानिसले झूठो बोल्न सक्छ- जब उसलाई सभामा वा गाउँ पंचायतमा वा परिवार परिषदको अगाडि वा राजकीय परिषदको अगाडि वा आफ्नो बराबरीको (मानिस) अगाडि साक्षी बक्न भनियो भने उसले नजानिकन पनि मैले जान्दछु; जानेर पनि मैले जानेको छैन भनी भन्न सक्छ; नदेखेर पनि मैले देखेको छु र देखेर पनि मैले देखेको छैन भनी भन्न सक्छ । उसले आफ्नो हितमा, अर्काको हितमा अथवा लोभको कारण जानी जानीकन झूठो बोल्न सक्छ । (२) अथवा, त्यो मानिस चुक्ली लाउने हुनसक्छ- यहाँ सुन्यो त्यहाँ गएर भनिदियो, ता कि यहाँ र त्यहाँका मानिस बीच झगडा परोस् । अथवा त्यहाँ सुन्यो यहाँ भनिदियो ता कि त्यहाँ र यहाँका मानिस बीच झगडा परोस् । त्यस्तो मानिस मेलमिलाप भंग गर्ने र अशान्तिलाई उत्तेजित पार्ने, झगडा पार्ने नियतले नै त्यस्तो बोल्छ, झगडा पार्नमा नै उसलाई आनन्द आउँछ, मज्जा आउँछ, प्रशन्नता हुन्छ । अथवा, (३) उसको बोली तीतो हुन सक्छ, उसले जे जति बोल्छ त्यो अप्रिय र कठोर हुन्छ, अर्काको मन दु:खाउने किसिमको, अर्कालाई दु:ख दिने किसिमको, क्रोध उत्तेजित पार्ने र एकाग्रतालाई भंग गर्ने किसिमको । (४) त्यो वेसूरमा बकबक गर्ने किसिमको हुनसक्छ, बिना मतलब व्यर्थको कुरा गरिरहने; कहिल्यै पनि धर्मको कुरा नगर्ने, कहिल्यै पनि नीतिको कुरा नगर्ने, संधै नै तुच्छ, असामयिक, निरूद्देश्य तथा निष्प्रयोजन कुरा गरिरहने ।"

८. "जहाँसम्म वैचारिक खराव आचरणको कुरा छ, मानिस (१) लोभी हुनसक्छ, अरू सबैका सम्पत्ति उसैको हो भन्ने उसले इच्छा गर्नसक्छ, अथवा (२) ऊ द्वेषी अथवा दुष्ट मनको हुनसक्छ; उसले आफ्नो वरपरका प्राणीहरू मरून्, नष्ट होउन्, कुनै पनि अवस्थामा नरहुन, जीवित नरहुन् भन्ने इच्छा गर्न सक्छ; अथवा (३) ऊ मिथ्या-दृष्टि भएको हुनसक्छ; मिथ्या धारणा भएको हुनसक्छ; दान, त्याग (=यज्ञ) र दक्षिणा जस्तो केही पनि होइन भन्ने सोच्न सक्छ; शुभाशुभ कर्मको फल जस्तो कुनै पनि चीज हुँदैन; लोक-परलोक केही पनि हुँदैन; माता-पिता वा अन्य सम्बन्धीहरू केहीपनि होइनन्; सम्यक् मार्ग ग्रहण गरेर वा सम्यक् मार्गमा हिंडेर यस लोक तथा परलोकको ज्ञान प्राप्त गरेको र अर्कालाई पनि गराएको यस संसारमा त्यस्तो कुनै पनि श्रमण वा ब्राह्मण हुँदैन भन्ने कुरा सोच्न सक्छ ।"

९. "यस बाहेक शरीरका तीन; वाणीका चार र मनका तीन सदाचरणहरू हुन्छन् ।"

१०. "जहाँसम्म शारीरिक सदाचरणको कुरा छ (१) मानिस जीव-हिंसाबाट विरत रहन्छ; हरेक किसिमको प्राणी हिंसाबाट विरत रहन्छ; दण्ड र खड्ग त्यागी निरपराधी हुन्छ, दयालु हुन्छ, उसको मनभित्र हरेक प्राणीको निमित्त करूणा र अनुकम्पा हुन्छ । (२) उसले चोरी गर्ने बानी त्याग्छ; जबसम्म उसलाई



Downloaded from http://www.dhamma.digital

केही दिइन्न तबसम्म उसले अर्काको कुनै पनि वस्तु ग्रहण गर्दैन; उसले इमान्दारीपूर्वक जीवन व्यतीत गर्दछ। (३) ऊ कामभोग सम्बन्धी मिथ्याचारबाट टाढै बस्छ। उसले त्यस्तो केटीसँग सहवास गर्दैन जो माता-पिता, भाई-बहिनी अथवा अन्य नातेदारहरूको अधीनतामा बसेको हुन्छ, अथवा अविवाहित केटीहरू वा त्यस्ता केटीहरूसँग पनि जसको वैवाहिक सम्बन्ध भइसकेको हुन्छ वा जसको गलामा मगनीको माला परिसकेको हुन्छ।"

११. जहाँसम्म वाणीको सदाचरणको कुरा छ, (१) मानिसले झूठलाई त्याग्न सक्छ; मृषावादबाट विरत रहन सक्छ, जब उसलाई सभा वा ग्राम पंचायत वा परिवार परिषद वा राजकीय परिषद वा आफ्नै जातपातका मानिस अगाडि साक्षी बक्न लगाइन्छ त्यसबेला उसले नजानीकन जान्दिन भनी भन्ला; जानेर नै जानेको भनी भन्ला; नदेखीकन देखेको छैन भनी भन्ला वा देखेर नै देखेको भनी भन्ला; उसले आफ्नो वा अर्काको हितको निमित्त अथवा लोभको कारण देखेको कुरा भन्ला वा आफ्नो वा अर्काको हितको निमित्त अथवा लोभको कारण जानाजानी झूठो नबोल्ला। (२) ऊ चुक्ली लंगाउँदैन अथवा चुक्लीबाट विरत रहन्छ; यहाँ सुनेको कुरा त्यहाँ गएर भन्दैन ता कि यहाँ र त्यहाँका मानिसहरू बीचमा झगडा नपरोस्; अथवा त्यहाँ सुनेको कुरा यहाँ आएर भन्दैन ता कि यहाँ र त्यहाँका मानिसहरूमा झगडा नपरोस्। त्यसले शान्ति भंग गर्दैन र अशान्तिलाई उत्तेजित पार्दैन, शान्ति कायम राख्ने आशय लिएर बोल्छ मेलमिलाप गराउनमा नै उसलाई आनन्द आउँछ, मजा आउँछ, अथवा प्रसन्नता हुन्छ। (३) त्यसले तीतो बोल्दैन, बोलेको कुरामा कटुता हुँदैन, प्रिय हुन्छ, मैत्री भावले भरिएको हुन्छ, भित्री मनदेखि बोल्छ, शिष्ट बोल्छ, अनुकूल बोल्छ तथा सबैलाई मनपर्ने गरी बोल्छ। (४) ऊ बकबके हुँदैन, विना मतलव व्यर्थको कुरा गर्ने खालको हुँदैन; संधै धर्म तथा नीति सम्बन्धी कुरा गर्दछ; जुन कुरा समयानुकूल हुन्छ, सम्झी राख्नुपर्ने हुन्छ, ज्ञानले भरिएको हुन्छ, ठीकसँग भनिएको हुन्छ र हितकारी हुन्छ।"

१२. "अब जहाँसम्म वैचारिक दुराचरणको कुरा छ, मानिस (१) लोभी हुँदैन, अर्काको सम्पत्तिमाथि अधिकार जमाउन चाहँदैन (२) मनभित्र द्वेष तथा दुष्टचाइँलाई स्थान दिँदैन, आफ्ना वरपरका सबै प्राणीहरू शान्ति र सुखसँग बसुन भन्ने कामना राख्छ, हरेक किसिमको शत्रुता र अत्याचारबाट सुरक्षित भएर बस्छ। (३) उसको दृष्टि सम्यक् हुन्छ र उसका संकल्प र धारणाहरू पनि सम्यक् नै हुन्छन्।"१०

१३. "दुराचरण र सदाचरण बारे मेरा अभिप्रायहरू यस्तै छन्।"

■

## जीवनया छगू प्रवाह

✍ आनन्द शाक्य

छन्हु खना जिं खुसिया सिथय्
च्वं फाय्का तःम्ह मनू
पिलिपिलि च्याःगु पाल्वां च्वय् क्वय्
पःख्वीकाः तैतःम्ह मनू ॥१॥

उखे छथास छपुचः मिसात
फँ फँ सँतया स्वय् हे मफु
छ्यों न्हकु त्यू त्यूं ख्वैच्वंगु हाय्।
ह्येकुसानं ह्येके मफु ॥२॥

मेथाय् छपुचः मुना मिजंत्
लँच्वः थँम्हुया वाक्कुछिना
ल्वानाच्वंगु ततःसलं
मां दिक्क म्हुतु फक्व वाना ॥३॥

भचा उखे छ्यों छगलं हेंतुयूम्ह
पाः काय्त्यंम्ह बुरी छम्ह
आय् बुया च्वंगु वाकाः ततं
छ्वासय् वाःगु काय्त उम्ह ॥४॥

हुल्ल मुना अन स्वैच्वंपिं गुलि।
मानों तःधंगु जात्रा मखा।
न्हंके मफुपिं ज्यंके मफुपिं
अनया ज्या खँ छुं हे छता। ॥५॥

न्यना अले जिं छम्हेसिके अन
थ्व छु धैगु गतिपति ?
जितः कन वं स्वैदिसँ भाजु
सम्पत्तिया थ्व विपत्ति। ॥६॥

क्वय् खुसि कल कल न्ह्यानाच्वंगु
चा न्हिं गवलें च्यूगु मखु
ध्वदुक्व वस्तु चुइकः यनेगु
गवलें वं तोतूगु मखु ॥७॥

कालगतिया बाखँ थें थ्व
न्ह्याक्व हे कंसां थूगु मखु
अनित्यताया लखय् दुनानं
ख्वाउँत्यला वंगु चाःगु मखु ॥८॥

सीम्ह मनू अले ख्वःपिनं मनू
खः ल्वाःपिं नं मनू मनू
छ्वासय् पियाच्वंम्ह बुढी मनू
स्वैच्वंपिं नं फुक्कं मनू ॥९॥

अय्नं वाः चाः छुं हे मदु स्व
थ्व मनू धापिं गय्थें मस्यू।
न्हायकं स्वयानं खंके मफुपिं
थःयात थःम्हं छाय्थें मस्यू ? ॥१०॥



Downloaded from http://www.dhamma.digital

धर्मप्रचार भ्रमण

# बेनीदेखि धरानसम्म

✍ भिक्षु अश्वघोष

वैशाख पूर्णिमाको दिन धेरैजसो म उपत्यका बाहिर हुने गर्छु । यसपालि त्यो दिन विहान ११:३० बजे म बेनी (म्याग्दी)को कार्यक्रममा भाग लिई धर्म देशना पश्चात् बाग्लुङ्गको उत्सवमा भाग लिन पुगें । वैशाख २९ गते विहान र बेलुकी गरी दुई पटक धर्मदेशना (प्रवचन) कार्यक्रममा भाग लिएँ । भोलिपल्ट दिउँसो पोखरामा गुरुङ्गहरूको अर्घौं सदनमा धर्मदेशना दिन पुगें । वैशाख ३१ गते गोरखाको पृथ्वीनारायण नगरपालिका वडा नं. ५ मा गोरखा बौद्ध सेवा समितिको आयोजनामा महेन्द्र ज्योति मा. वि. मा प्रवचन दिएँ । पोखराबाट फर्केर जेठ १ गते धरान पुगी २ गते धरान-बुद्ध विहारको प्रवचन कार्यक्रममा भाग लिएँ । यसरी यसपाली विभिन्न स्थानहरूमा गई बुद्ध शिक्षामा आधारित धर्मदेशना गरेका विषयहरूबारे सारांश यहाँ उल्लेख गर्दैछु ।

बुद्धलाई शान्तिको अग्रदूतको रूपमा लिने गरिएको छ । त्यसैले, बुद्धले शान्तिको लागि आवश्यक तत्वहरू के कस्तोलाई मान्नु भएको छ, यसबारे केही प्रकाश पार्न चाहन्छु ।

(१) आर्थिक चिन्ताबाट मुक्त हुनु ।
(२) आलोचना, आत्मालोचना र मूल्यांकन हुनु, र
(३) कर्तव्यपालन गरी सबैको विश्वासपात्र बन्न सक्नु ।

बुद्धको शिक्षा अनुसार माथि उल्लेखित तत्वहरू आफूमा समावेश गर्न सकेमा मात्र चित्तलाई शान्त राख्न मद्दत पुग्नेछ ।

बुद्धले राजदरवार त्यागी बुद्धत्त्व प्राप्त गर्नको लागि जति पनि प्रयत्न गर्नुभयो, ती सबै प्रयत्न सुखमय जीवनको आशा गरेर होइन, सांसारिक दु:खबाट मुक्त हुनका लागि हो । बुद्ध शिक्षा अनुसार, सुखको इच्छा राख्यो भने दु:ख उत्पन्न हुन थाल्छ ।

हामीले आफूलाई दु:खबाट मुक्त गराउन बुद्ध शिक्षा (चतुआर्य सत्य र आर्य अष्टाङ्गिक मार्ग) बारे अध्ययन गर्नु जरूरी छ । अध्ययन पश्चात् यसलाई आफ्नो जीवनमा अभ्यास गर्नुपर्छ । अभ्यास मात्र गरेर पनि पुग्दैन, आफ्नो मनभित्र जागिराखेको कुसंस्कार, लोभ, द्वेष, मोह, इर्ष्या, डाहा तथा अन्धविश्वासलाई त्यागी मन निर्मल पार्नुपर्दछ ।

जबसम्म मानिसमा कुकर्म गर्न लाज र भय बाँकी रहन्छ, तबसम्म त्यस व्यक्तिले ठूल्ठूला पाप कर्म गर्न सक्दैन । फलस्वरूप विश्वमा शान्तिको आशा गर्न सकिन्छ । तर, जब मानिसमा कुकर्म, लाज र भय बाँकी रहँदैन, तबसम्म संसारमा ठूल्ठूला अपराध कर्महरू घटिरहन्छ र अशान्ति मच्चिरहनेछ ।

पारिवारिक जीवनमा पनि सहनशीलता र अनुशासन रहेसम्म शान्तिले ठाउँ लिन सक्छ । आनापान सति (श्वास प्रश्वासमा स्मृति राख्ने) र विपस्सना ध्यान (आफ्नो शरीरको अनित्यताबारे होश राखी अन्तरमुखी बन्ने) लाई अभ्यास गरेर आफूले आफैंलाई चिन्न सकेमा, रिस कम हुँदोरहेछ, फलस्वरूप आफ्नो चित्तलाई शुद्ध पार्न मद्दत मिल्दोरहेछ ।

पाप कर्मबाट मुक्त भई पुण्यकर्म मात्र गरेर पर्याप्त हुँदैन । मुख्य कुरा त चित्त शुद्ध हुनुपर्दो रहेछ । त्यसैले पढेर, लेखेर, विद्वान भएर मात्र पुग्दैन, आफ्नो व्यवहार नि:स्वार्थपूर्वक कोमल, नरम, अनुशासित र शिक्षित हुनु आवश्यक छ । किनभने फल फलेको रूख झुक्छ सधैं (बिना अभिमानले) । तर, फल नफलेको रूख सधैं ठाडो रहिरहन्छ । (अभिमानी व्यक्ति जस्तै) ।

अकस्मात् बेनीको एकजना न्यायाधीशले प्रतिक्रिया व्यक्त गर्दै भन्नुभयो– "मैले सुनिराखेको बुद्ध शिक्षा र भिक्षुजीले भन्नुभएको बुद्ध शिक्षामा फरक पाएँ । अहिले बल्ल बुझें– बुद्ध शिक्षा त व्यवहारिक शिक्षा रहेछ ।"

पोखराका गुरुङ्गहरूले अवतारवाद र पुनर्जन्म-बारे प्रश्न उठाएका थिए । तर, बुद्धले भूतकाल र भविष्यकाललाई भन्दा वर्तमान काललाई जोड दिनुभएको छ । किनभने वर्तमान जीवनलाई बिना छलकपट निर्दोषपूर्वक बिताउन सक्यौं भने अतीत र भविष्यलाई आफ्नो बशमा लिन गाऱ्हो हुँदैन । पुनर्जन्म र अवतार वादमा तर्कना गरी समय खेर फाल्नु बुद्धिमानी होइन । त्यसैले बुद्धले पुनर्जन्मलाई अप्रकाशनीय "अव्याकता" भन्नुभएको छ ।

यसरी यसपालिको धर्मप्रचार कार्यक्रममा मैले बुद्ध शिक्षाबारे धर्मदेशना गरी भाग लिन पाएकोमा म आफैंलाई धर्म प्रचारकको रूपमा लिई आफ्नो भ्रमण सफल भएको अनुभव गरें । त्यसैले मैले यस भ्रमणलाई संझेर आनन्द महशुस गरिरहेको छु ।

अझ यस धर्मदेशना सुन्ने श्रद्धालु महानुभावहरूले बुद्ध शिक्षालाई आ-आफ्नो जीवनमा प्रयोग गरी अभ्यास गर्न सकेको खण्डमा अझ बढी आनन्दको अनुभव हुन्थ्यो होला । ■



Downloaded from http://www.dhamma.digital

# Lumbini Nepalese Buddha Dharma Society (UK)

**Lumbini Nepalese Buddha Dharma Society (UK)** was founded on 1 February 1997. A group of Nepalese interested in Buddha Dharma met under the chairmanship of Venerable Bhikkhu Seevali at Mr. Shiraj Shrestha's residence in London and formed a nine-member executive committee. The main objective of the society is to provide a forum for spiritual practice, according to the teaching of the Buddha, to overcome human suffering. To fulfil this objective the executive committee members have been meeting regularly at the residences of its members to discuss and plan the future activities.



*Ven Bhikkhu Seevali*

**Founder Members:**

| | |
|---|---|
| Ven Bhikkhu Seevali | President |
| Mr. Nima Lama | Vice-President |
| Dr. Ratna Bahadur Shakya | Treasurer |
| Dr. Dharma Bhakta Shakya | Secretary |
| Mr. Shiraj Shrestha | Joint Secretary |
| Mrs. Nani Sobha Shakya | Executive Member |
| Mr. Arjun Pradhan | Executive Member |
| Mrs. Padma Tara Sakya | Executive Member |
| Mrs. Pramila Shakya | Executive Member |

**Other Members**

| | |
|---|---|
| Ven. Bhikkhu Sugandha | Executive Member |
| Miss Hima Kumari Gurung | Executive Member |
| Mrs. Sukuna Lama | Life Member |

## THE PAST YEARS 1997/98

The first year has been spent setting up the organizational structure. In the last few meetings, LNBDS started to organise Dhamma talks and meditation practice in the last few meetings.

The other activity the society concentrated on was to make the existence of the LNBDS organisation and its objectives known to Nepalese and non-Nepalese interested in the work.

* Some of the executive members met His excellency the ambassador of Nepal and other embassy staff in August 1997 to inform them about the society.

* A news item was published in the August 1997 issue of the Buddhist Society's journal **The Middle Way.** This helped in making the Buddhist world aware of the existence of the society.

* Ven. Bhikkhu Seevali gave a talk on Buddhism at the annual general meeting of **Nepalese Doctor's Association** held at Birmingham University in July 1997. The society took this opportunity to inform Nepalese doctors of the LNBDS and invited interested doctors to join the society.

* Members have also been very active in promoting the society's cause and encouraging both Nepalese and non-Nepalese to join the society.

## JOINT EVENTS

Beside establishing the society LNBDS also participated in various religious and cultural activities:

* **An exhibition of Buddhist religion and culture 1998.**

The London Borough of Ealing Education Department have held exhibitions of major religions since 1994 as part of their education programme. This year exhibitions of Buddhist religion and culture will be held from 22 June – 12 July 1998. The LNBDS is active in organising this event along with Buddhists from other countries.

* **Joint Buddha Day:** Maha Sangha Sabha of UK has been spearheading the organisation of the Joint Buddha Day celebration every year since 1992. This year for the first time LNBDS presented a silent performance entitled **Chandalika.** This was also shown at Milton Keynes at the request of a Japanese Buddhist society in their 17th anniversary of the establishment of the Peace Pagoda.

* **Anniversary Day and annual general meeting:** LNBDS held the first anniversary day and annual general meeting successfully on 1st March 1998 at Karunamaya Buddha Vihara, Southall. It was attended by approximately one hundred participants.

* Meeting with representatives of YETI: LNBDS held a cordial meeting with executive committee members of YETI (UK) to explore the possibility of celebrating Buddha Jayanti jointly in future.

■

"मूर्ख मित्रभन्दा बुद्धिवान शत्रु नै बेस ।"
– भगवान बुद्ध



Downloaded from http://www.dhamma.digital

# मोहनी

✍ पुण्यवती, श्रीलंका

मोहनी माने याय्गु धालकि हे नेपा:या चलन कथं बाहाँ स्याना: भ्वय् नय्गु नख: लुमंकी अपो: मनूतसें। उकें धात्थेयापिं अहिंसावादी मनूतसें मोहनी नख: माने याय् हे मज्यूगु कथं थ्वीकाच्वनी। तर मोहनी माने याय् मज्यूगु मखु ज्यू। प्रज्ञायात न्ह्यब्वाका: मोहनी माने याय्फत धा:सा जक उत्तम ज्वी। थुकीयात उपमाकथं श्रीलंकाय् मानेयाइगु मोहनीया तरिका छक: न्ह्यब्वय्गु उचित ताया।

श्रीलंकाय् मोहनी माने याइबले न्हापालाक्क बुद्ध प्रतिमाया न्ह्योने क्षीर भोजन, मरि, फलफुल आदि खाद्य पदार्थत ब्वई। अले बुद्ध प्रमुख विहारया भिक्षु भिक्षुणीपिन्त वन्दना याना: आर्शिवाद कया: छ्यें लिहाँवनी। छ्यें थ्यनेवं थ: स्वया: थकालीपिं मां, बौ, बाज्या बज्ये आदि पिन्त भागि याना: तिनि थ:गु मेगु ज्या याई।

तर बुद्ध जन्मेजूगु देश नेपाले धा:सा मोहनी माने याइबले बुद्धं कनाबिज्यागु पञ्चशील शिक्षायात हे उल्लंघन ज्वीगु कथं मोहनी माने यानाच्वनी। पञ्चकाम सुखे भुले ज्वीगु स्वार्थं द्योयात न्ह्योने क्यना प्राणि हिंसा याना: ला नया: थ:गु इच्छा पूरा यानाच्वंगु दु अपोलं अपो नेपा:यापिं मनूत। उलिजक मखु इमिसं मोहनीनख: धाधां थ:त बेहोश याइगु पदार्थ सुरापान तक नं याना आनन्द कयाच्वनी।

तर बुद्धया शिक्षा अनुसार शिक्षितम्ह मनू व ज्वी, गुम्हस्यां पञ्चशील बाँलाक पाले याई। द्यो भक्त जुया: द्योया नामे प्राणी हिंसा याय्वं उकीयात धर्म धाय् फैमखु। धर्मया परिभाषा बाँलाक मथूपिसं जक अज्या:गु ज्या यानाच्वनी।

बुद्धं धया बिज्या:गु दु–

**मासे मासे सहस्सेन – यो यजेथ सतं समं**
**एकं च भावित'त्तानं – मुहुत्तम'पि पूजये।**
**सा ये'व पूजना सेय्यो– यं चे वस्ससतं हुतं**

**अर्थ–** लां ला, सलंस: द्वलँ द्व: फुका: यज्ञ होम यानागुया पुण्य स्वया: नं, परिशुद्ध चित्तम्हसित घौछि जक पूजा सत्कार यानागुया पुण्य फल उत्तम।

अथेहे बुद्धं धयाबिज्या:गु दु-

**यो चे वस्ससतं जीवे दुस्सीलो असमाहितो**
**एका'हं जीवितं सेय्यो – सील वन्तस्स भ्कायिनो।**

**अर्थ–** चञ्चल चित्त याना: दुराचारी जुया: सलंस: दँ तक म्वाना च्वनेगु स्वया: शीलवान ध्यानी जुया: छन्हु जक म्वानाच्वनेगु श्रेष्ठ।

थुकथं धम्मपदे उल्लेख जुयाच्वंगु बुद्ध वचनयात बाँलाक अध्ययन याय् धुंका: भ्कीसं माने यानाच्वंगु मोहनी नख:यात स्वय्बले भ्कीसं धाय्फु, बुद्ध जन्मभूमी च्वंपिं भ्कीसं बुद्धया शिक्षायात बाँलाक मथूनि खनी। तर बुद्ध जन्मभूमी मखुगु श्रीलंकाया जनतां हे बुद्ध शिक्षायात थ्वीका: ब्यवहारे छ्यलाच्वन खनी। उकें भ्की नं बुद्धया शिष्य ज्वीयो धयागु जूसा थुगु धम्मपदे उल्लेख जूगु शिक्षायात थ्वीका: थुगु हे शिक्षा अनुसार मोहनी माने याय् स:सा जक भ्कीगु जीवन सार्थक ज्वी। मखुसा भ्कीपिं बुद्धया धात्थेंया शिष्य मखु ह्येकथंया जक शिष्य जुयाच्वनी। ■

# लुम्बिनी

✍ पुष्पराज शाक्य
हरिहर भवन, यल

जिगु देश थ्व नेपाया गर्व छ ख: लुम्बिनी
म्हसिइके दु, विश्वे न्यंकं धन्य ! छ ख: लुम्बिनी
लोमन छभ्का: धर्तिइ ए ! गज्यागु गुम्म लुम्बिनी
इतिहास दुने मात्तुमाला मनुखं ल्वीकल लुम्बिनी
सुनसान भ्किंभ्कां दंगु थासं भ्कलमल्लं थित लुम्बिनी
सुगतया पाद स्पर्श चिं नं, नस्वा ह्वल भ्कन लुम्बिनी
हृदय सुमन उत्सर्ग बीत राजा प्रजा व लुम्बिनी
म्हसिइके दु विश्वे न्यंकं धन्य ! छ ख: लुम्बिनी
विइ मदु बलि, प्राणी हिंसा भगवान् जन्म स्थल लुम्बिनी
म्ह्वी हे मफैगु दु कीर्ति सदिं अशोक थां अन लुम्बिनी
सदां बसन्त, कर्णप्रियगु चिरबिर चिरबिर थ्वइगु लुम्बिनी
विश्व सम्पदाय् दुन्ता जूगु अहोभाग्य ख: लुम्बिनी
महान तीर्थ पवित्र स्थल जिगु नेपाया लुम्बिनी
म्हसिइके दु विश्वे न्यंकं धन्य ! छ ख: लुम्बिनी

"जे जति ठीक कुरा भनिएका छन् ती सबै बुद्ध वचन हुन्।"
– महायानी उक्ति



Downloaded from http://www.dhamma.digital

**धर्मकीर्तिमा नि:शुल्क स्वास्थ्य क्लिनिक**

धर्मकीर्ति विहार र एच. एम. हस्पिटलको संयुक्त आयोजनामा २०५५ जेठ २३ गते शनिवारिय नि:शुल्क स्वास्थ्य क्लिनिक शुभारम्भ भएको छ ।

भिक्षु, भिक्षुणी, उपासक उपासिकाहरूलाई नि:शुल्क स्वास्थ्य सेवा दिने उद्देश्यले संचालित उक्त क्लिनिकमा एच. एम. हस्पिटलका डाक्टरहरूबाट सेवा प्रदान गर्ने क्रममा यसदिन डा. प्रकाशराज पाण्डेले बिरामी जाँच्नु भएको थियो ।

प्रत्येक शनिवार विहान ९ बजे देखि ११ बजेसम्म संचालन हुने उक्त क्लिनिकमा विभिन्न दाताहरूबाट धेरै मूल्य पर्ने औषधिहरू पनि नि:शुल्क वितरण गरिएका थिए ।

यस क्लिनिकमा रोग परिक्षण गराउने बिरामीहरूलाई आवश्यक प्याथोलोजी र हस्पिटल सेवाको लागि एच. एम. हस्पिटलबाट विशेष १०% छुट दिने प्रबन्ध पनि गराइएको थियो ।

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सदस्य भिक्षुहरू (भिक्षु शीवली र भिक्षु राहुल)**

वि.सं २०३४ सालमा धर्मकीर्ति विहारमा अध्ययन गोष्ठीका १४ जवान सदस्यहरू बनेपा स्थित ध्यानकुटी विहारमा अस्थायी रूपमा प्रब्रजित भएका थिए । ती १४ जवान अस्थायी प्रब्रजित हुनुभएका व्यक्तिहरू मध्ये



*भिक्षु शिवली हाल लण्डन र भिक्षु राहुल हाल श्रीलंका*

हालसम्म पनि स्थायी रूपमा नै प्रब्रजित रहनु भएका भिक्षुहरू यसरी हुनुहुन्छ:– भिक्षु शिवली र भिक्षु राहुल ।

भिक्षु शिवली हाल लण्डन स्थित “Nepalese Buddha Dhamma Society” का संस्थापक अध्यक्षको रूपमा कार्यरत रहनुभई लण्डन निवासी बुद्ध अनुयायी नेपालीहरूलाई बुद्ध शिक्षा सिकाउने कार्यमा व्यस्त हुनुहुन्छ ।

त्यस्तै भिक्षु राहुलले श्रीलंका स्थित भिक्षुहरू अध्ययन गर्ने विद्यालयको शिक्षा र M.A. स्तरको शिक्षा अध्ययन कार्य पूरा गरिसक्नु भएको छ । हाल उहाँ श्रीलंकाको विद्योदय महाविद्यालयमा अध्यापन कार्यमा संलग्न हुनुहुन्छ ।

**मैत्रीबारे प्रवचन**

२०५५ वैशाख १९ गते अध्ययन गोष्ठीको शनिवारिय कक्षामा भिक्षु अश्वघोष महास्थविरले दश पारमिता अन्तरगत मैत्री पारमिता बारे प्रवचन गर्नुहुँदै भन्नुभयो– “मैत्री भावना आफ्नो मन शान्तिको लागि गरिन्छ । मैत्री भावना गर्दा सबभन्दा पहिले आफूले आफैंलाई दु:ख, द्वेष, लोभ र रोग आदि नहोस् सुख र शान्ति होस् भनेर मैत्री भावना गर्ने । त्यसपछी आफू जस्तै अरूहरू पनि त्यस्तै होसे भनेर कामना गरी मैत्री भाव गर्नु पर्छ ।

मैत्री भावना गर्दा अरूले आफू प्रति गरिएका गुणहरूलाई सम्झिनु पर्छ । तर यसरी मैत्री भावना गरिरहँदा आफूलाई मन नपर्ने, आफ्नो कुरा नसुन्ने आफूलाई रीस गर्ने व्यक्तिहरू पनि बारम्बार मनमा सम्झना आइरहन्छन् । त्यस्ता व्यक्तिहरूलाई सम्झी आफ्नो मनमा द्वेष उत्पन्नभई मैत्री भावना गर्न नसकेको खण्डमा उपेक्षा भाव गर्नु पर्छ ।

मैत्री भावना गरी अरूलाई दु:ख नहुने काम गरेको खण्डमा त्यस व्यक्ति जहाँ सुकै बसे पनि उसलाई कुनै किसिमको विघ्न बाधा आउँदैन” भन्नु हुँदै वहाँले बोधीसत्व एक ब्यापारी भएको बेला पण्डित र अती पण्डितको कथा उपमाको रूपमा सुनाउन भयो ।



Downloaded from http://www.dhamma.digital

## अभिधर्म पाठ

आषाढ २६ गते शुक्रवार पारु खुन्हु निसें न्हेन्हुयंको धम्मवती गुरुमांया ६४ दँ बुदिँया उपलक्ष्य धर्मकीर्ति विहारे अभिधर्मया न्हेगू ग्रन्थ (१) धम्म संगनी (२) विभंग (३) कथावत्थु (४) पुग्गल पञ्ञति (५) धातुकथा (६) यमक (७) पट्ठान पाठ जुइगु दु।

भगवान बुद्धं कना बिज्या:गु थुगु अभिधर्म पूज्य भन्तेपिनि पाखें न्हेन्हुयंक पाठ याना बिज्याइगु जूगुलिं थुगु पवित्र पाठ न्यनेगु इच्छा दुपिं श्रद्धालु उपासक उपासिकापिन्त धर्मकीर्ति विहारे स्वागत दु।

## झी: बुद्ध अनुयायी जुया: म्वायनु

- विकाशरत्न बज्राचार्य

झीगु दे नेपा: विश्व शान्तिया नायक भगवान बुद्ध जन्म जूगु दे जुगुलिं याना: विश्वय् परिचित ज्वी फुगु ख:। स्वनिग:या दुने स्वयम्भू महाचैत्यया इतिहास व श्री गुरु महामञ्जुश्री नं यानाबिज्या:गु थीथी ज्याया प्रमाण इतिहासं क्यनांच्वंगु दुगुलिं झीगु दे बुद्ध धर्म जा:गु दे ख: धका: प्रमाणित जू। अथेहे झी नेपा:मित फुक्क हे बुद्ध धर्मया अनुयायीपिं ख:धयागु खँ नं गाक्कं प्रमाणित जू।

झीगु देशया इतिहास स्वयबले २५०० दँ न्ह्यो लुम्बिनी बनस भगवान बुद्ध जन्म जूगु व स्वनिग:या दुने स्वयम्भू महाचैत्यया पादुर्भाव जूगु आदि खँ चिनाखँ मखू। उलिजक मखु झी नेवा:त सकसिनं थ:गु सँस्कृति जा:गु भाषा व धर्म यात क्वात्तुक छ्यला वनेगु ख:सा सुंनं शासक व पिनेया सँस्कृति झीगु सँस्कृतिया क्वह्यंकेगु व क्वत्येलेगु ज्या याय् फैमखु। तर अपशोच थौकन्हे थ:गु सँस्कृति व धर्मयात छ्यलावने मालकि कपा: स्याना वइगु व मेमेगु देशया सँस्कृति न्ह्यब्वय् दतकि थम्हं त:धंगु ज्या याना क्यनागु धका:? लयतागु बानिं याना: झीगु कत:या धर्म व सँस्कृतिं क्वत्येका च्वनेमा:गु दु।

झी बुद्ध अनुयायीपिसं थौ बुद्धयागु वचनयात शिरोपर याना: सर्वोप्रकारं जगतो हिताय धका: न्ह्यागु यानानं जगत हीत याय्गु ज्याय् लगे जुयाच्वनाथें कलह: कचिंग मदयक झीगु देशे न्ह्यागगु ज्या जूसां न्ह्यागगु नख: वसां न्ह्याम्ह द्य:या जात्रा जूसां छुं संकोच मचासे मिले चले जुया वयाच्वंगु ख:। तर थौं झीगु सँस्कृतियात ल्वाक:वुक: याना: अन्तर्राष्ट्रिय क्षेत्रे बुद्ध अनुयायी धाय्का च्वंपिसं हे अबौद्ध ज्या याना: अ:खतं पुरुषार्थ क्यनेगु ज्या जुयाच्वन।

नेपा:या सँस्कृति व बुद्ध शिक्षा म्वाकातय्त क्वातुगु लिधंसा बीफुपिं ज्यापु जातितय्सं हे थौं थ:गु परम्परागत सँस्कृति व धर्मयात लोमंका: कत:यागु सँस्कृतित नाला जुइगु फेशन जुयाच्वंगु दु।

उलिजक मखु बुद्ध अनुयायीपिनि दकले त:धंगु दिन स्वाँया पुन्ही खुन्हु जक हे नं नेपाले हिंसा ज्या दिके मफुनि। दु:खया खँ, बुद्ध अनुयायी जुयाच्वंपिं सक्व (सांखु) देशया बज्राचार्यपिनि थ:थ:गु द्य:पा कया: श्री बज्रयोगिनी देवीया द्य:पा च्वनीबले बज्राचार्य गुरुपिसं हे श्री बज्रयोगिनीया क्वसं महांका:द्य तयात:गु छगू तग्व:गू ल्वहँतय् प्राणी (पशुत) बलि वीगु ज्या यानावयाच्वंगु दु धा:सा मेपिं थज्या:गु कुकर्मय् लगे ज्वी छु थाकवी।

उकें झी बुद्ध शिक्षा अनुयायीपिंसं बुद्ध शिक्षा विपरितगु हिंसादि कर्म त्व:ता: बुद्धया शिक्षायात थथ:गु जीवने धात्थें हे छ्यलायंका: बांला:गु सभ्य समाज दय्क्यमा:गु दु।

झीगु दे नेपा:यात अन्तर्राष्ट्रिय जगते बुंद्ध शिक्षा विपरितगु हिंसादि कर्म त्व:ता बुद्धया शिक्षायात थथ:गु जीवने धात्थें हे छ्यलायंका: बांला:गु सभ्य समाज दय्क्यमा:गु दु।

झीगु दे नेपा:यात अन्तर्राष्ट्रिय जगते बुद्ध जन्मभूमिया रूपे म्हसीका ब्यूथें झी थ:थ:पिंहे नं बुद्ध जन्मभूमी च्वंपिं बुद्ध अनुयायीपिं धाय् ल्व:पिं ज्वीफत धा:सा यु.एन.डि.पि.या पाखें लुम्बिनीयागु गुरु योजना निसेंकया: बुद्ध धर्म व बुद्धया अस्तित्वयात म्वाकातय्गु ज्याय् तिब: जूवनी।

यदि झीपिं बुद्ध जन्म जूगु देशया गौरव ताय्कीपिं ख:सा बुद्ध अनुयायी जुया: हे म्वाय्गु स्वयनु। सुयातं हिंसा याना: धर्म ज्वीगु ख:सा पाप धयागु छु ख: ?

> **"संसारले बुद्ध र युद्ध दुईमा एक चुन्नु परेको छ।"**
> - जवाहरलाल नेहरू



Downloaded from http://www.dhamma.digital

### बुद्ध पूर्णिमा महोत्सव

**भोजपुर**, २०५५ वैशाख २६, २७ र २८ गते । श्री विश्व शान्ति बौद्ध गुम्बा नी. व्य. समाज भोजपुरको आयोजनामा र काजी योञ्जनको सभापतित्त्वमा विभिन्न खेल, हाजिरी जवाफ प्रतियोगिता, शोभायात्रा र बुद्ध पूजा आदि गरी २५४२ औं बुद्ध पूर्णिमा मनाइएको समाचार प्राप्त भएको छ । कार्यक्रममा बोल्नुहुँदै जिल्ला कार्य समितिका अध्यक्ष श्री शेरबहादुर मोक्तानज्यूले भन्नुभयो- "बुद्धको शान्ति सन्देश हाम्रो जिल्लाको कुना कुनासम्म फैलाउनु अनिवार्य भएकोले पवित्र बुद्ध पूर्णिमा उत्सवलाई सदर मुकाममा मात्र सीमित नराखी जिल्लाको कुना कुनासम्म पनि फैलाई गुम्बालाई विकासको केन्द्र बनाउने हाम्रो लक्ष्य रहेको छ ।"

टेकबहादुर थापाको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा सदरमुकामबाट १ देखि २ दिनको बाटो पर्ने विभिन्न स्थानहरूबाट थुप्रै धर्मावलम्बीहरूले भाग लिएका थिए ।

भिक्षु आनन्द र पासाङ्ग लामाको संयुक्त नेतृत्त्वमा विश्व शान्तिको कामना गर्दै शान्ति पदयात्रा गरिएपछि भिक्षु आनन्दले पञ्चशील विषयमा धर्मदेशना गर्नुभएको थियो । स्थानीय अस्पतालमा विरामीहरूलाई फलफुल वितरण पछि स्थानिय सामुदायिक भवनमा भिक्षु आनन्दले धर्मदेशना गर्नुभएको थियो । शोभा रथयात्रा पछि स्थानिय विश्व शान्ति बौद्ध गुम्बाको हातामा आमसभाको रूपमा परिवर्तन भएको उक्त सभामा गुम्बालाई विकासको केन्द्र बनाउने उद्घोषणको साथमा नेपाल तामाङ्ग घेदुङ संघ, जिल्ला कार्य समितिका सचिव श्री केशरबल सहित विभिन्न वक्ताहरू (चिछोकका जिल्लाध्यक्ष श्री फुर्बा शेर्पा, भोजपुर गा.वि.स. का अध्यक्ष श्री भरत योञ्जन, बोखिम गा.वि.स. अध्यक्ष श्री कृष्ण योञ्जन) आदिले बुद्ध जीवनी सम्बन्धि प्रकाश पार्नुभएको थियो ।

जनसभामा सहभागी हुनुभएका सबै सहभागीहरूलाई उपासिका श्रीमती कृष्णकुमारी मोक्तान र श्रीमती तीर्थकुमारी मोक्तानले सर्वत वितरण गर्नुभएको थियो ।

**श्री बोधिसत्त्व विहार, चैनपुर** । २०५५ वैशाख २८ गते । बोधिसत्त्व विहार चैनपुरको आयोजनामा बुद्धको जन्म, सम्बोधि लाभ र महापरिनिर्वाण दिवसको उपलक्ष्यमा २५४२ औं बुद्ध पूर्णिमा मनाइएको समाचार प्राप्त भएको छ । साप्ताहिक रूपमा मनाइएको सो कार्यक्रममा वैशाख २१ गते देखि २८ गतेसम्म बुद्ध पूजा, धर्मदेशना, ध्यान भावना, हाजिरी जवाफ प्रतियोगिता, कल्पवृक्ष दान, प्रवचन तथा भजन कार्यक्रम, प्रभात-फेरि, साहित्य तथा संगीत गोष्ठी र पुरस्कार वितरण आदि विभिन्न कार्यक्रमहरू समावेश गरिएका थिए । उक्त कार्यक्रमका संयोजकहरू श्री चन्द्रज्योति शाक्य, सुश्री मूना लक्ष्मी शाक्य, श्री गंगा शाक्य, सुश्री सुमनादेवी शाक्य, श्री सुधन शाक्य, श्री प्रमोद शाक्य, श्री पासाङ्ग बल आदि हुनुहुन्थ्यो । बौद्ध महिलाहरू बीच संचालित हाजिरी जवाफ प्रतियोगितामा प्रथम र द्वितीय हुने सहभागीहरू र प्रा.वि. स्तरिय बौद्ध हाजिरी जवाफ प्रतियोगितामा प्रथम र द्वितीय हुने स्कूलहरू क्रमश: इंगलिस बोर्डिङ्ग स्कूल चैनपुर र सरस्वती प्रा.वि., साहित्य तर्फ प्रथम र दोस्रो क्रमश: राजेश ताम्राकार र सविन शाक्य, संगीत तर्फ प्रथम र दोस्रो क्रमश: निलीमा शाक्य र सजीव राजभण्डारी आदि विजयी सहभागीहरूलाई पुरस्कार प्रदान गरिएको थियो ।

### रक्तदान सहित बुद्ध पूर्णिमा महोत्सव

स्थान: कालेबोङ । २५४२ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा विभिन्न कार्यक्रमहरू सम्पन्न गरी बुद्ध पूर्णिमा मनाइएको समाचार छ ।

फुनछोक साङनाक तागतेन लिङ (तामाङ गोम्पा) कालेबोङमा मिति ३ मई १९९८ का दिन नव निर्मित गुरु रिम्पोछेको प्रतिस्वरूप राख्ने कार्यक्रम पूज्य गुरु होइस्वेर टुल्कुबाट सम्पन्न भएको छ । निर्माण कार्यको लागि आवश्यक आर्थिक सहयोग दिनुहुने महानुभावलाई (जिन्दा) खदार्पणको साथै सम्मान पनि दिइएको छ । यस कार्यक्रममा आमन्त्रित व्यक्तिहरू, सिक्किम, घैयाबारी, दार्जिलिङ्ग र वरिपरिका इलाकाबाट पनि धेरै संख्यामा सहभागीहरूको उपस्थिति थियो । पूज्य लामा डा. टी. डी. भोटिया, आलुबारी दार्जिलिङ्गले गुरु पद्मसम्भव (गुरु रिम्पोछे)को जीवन दर्शन र लीलाहरू बारे प्रवचन गरिएको सो कार्यमा उहाँलाई अन्य लामाहरू लगायत एक अमेरिकन प्रोफेसर श्रीमान जोनाथानले पनि साथ दिएका थिए ।

श्रद्धेय दावा लामा र मीना आमाबाट गोम्पाको लागि प्रदान गर्नुभएको त्रिपिटकको (काग्युरको) उद्घाटन पूज्य गुरु होइस्वेर टुल्कुबाट गरिएको सो कार्यक्रममा ठूङसा गोम्पाका लामाहरू सहित निजी गोम्पाका लामाहरूबाट पठन कार्यक्रम पनि प्रारम्भ गरिएको थियो ।

बुद्धका प्रतिस्वरूप डोलीमा लिएर ठूला वडाहरूलाई धर्मग्रन्थ बोकाई लावा लस्करले नगर परिक्रमा गरिएको र रक्तदान शिविरको आयोजना गरिएको सो कार्यक्रममा २२ जवान रक्तदाताहरूले भाग लिएका थिए ।



Downloaded from http://www.dhamma.digital

बुद्ध पूर्णिमाको पावन अवसरमा प्राणी हिंसा कार्य नगरिएको हुँदा यस कार्यलाई "शान्ति नायक महामानव भगवान बुद्ध प्रति अर्पण गरिएको वास्तविक पूजा अर्चना" को रूपमा लिन सकिन्छ । यस कार्यक्रमको सिलसिलामा पाल्नु भएका धर्मगुरु होइस्वेर टुल्कुले भन्नुभयो– "शान्ति नै बुद्ध शिक्षाको मूल मन्त्र हो ।"

दलाई लामा लगायत अन्य समस्त धर्मगुरुहरू र प्राणीहरूको दीर्घायु र सुस्वास्थ्यको कामना गरिएको सो कार्यक्रममा काग्युर दातालाई धर्मगुरु होइस्वेर टुल्कुबाट प्रशंसापत्र प्रदान गर्नुभयो । प्रशंसापत्रमा मुना मदनका ६ वटा पंक्तिहरू उद्धृत गरिएका थिए ।

### बुद्ध पूर्णिमा महोत्सव

**पोखरा, २५४२ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा विभिन्न कार्यक्रमहरू सम्पन्न गरिएको समाचार छ ।**

**१. बौद्ध वाङमय एक चिनारी विषयक गोष्ठी र कवि गोष्ठी:** युवा बौद्ध संघ पोखराद्वारा पोखरेली युवा साँस्कृतिक परिवार (पो.यु.सा.) को सहयोगमा वैशाख २१ गते विश्व शान्ति स्तूप तालपारीमा बौद्ध वाङमय एक चिनारी विषयक गोष्ठी र विश्व शान्ति स्तूप अनदुमा कवि गोष्ठीको आयोजना गरिएको छ ।

**२. घुम्ति रक्तदान कार्यक्रम:** युवा बौद्ध संघ पोखराले वैशाख २५ गते आयोजना गरिएको घुम्ति रक्तदान कार्यक्रम धर्मशीला बुद्ध विहार नदिपुरबाट प्रारम्भ भई बोधि धर्म दिपश्य विहार स्याङजा, साङगाधेन छोयरखोलिङ गुम्बा पृथ्वीचोक, मोहरिया टोल, संगम पार्क हुँदै महेन्द्र पुलमा पुगी समाप्त भएको थियो । उक्त घुम्ति रक्तदान कार्यक्रममा १७ देखि ४९ वर्ष उमेर भित्रका ८ जवान महिला र ५७ जवान पुरुषहरू गरी जम्मा ६५ जवान व्यक्तिहरूले रक्तदान गरेका थिए ।

**३. शान्ति दीपयात्रा:** ठूलो संख्यामा उपासक उपासिकाहरूको उपस्थितिमा भव्यताकासाथ शान्ति दीपयात्रा सम्पन्न भएको थियो । धर्म संघ बुद्ध विहार (बिन्दु बासिनी पार्क) मोहरिया टोलबाट प्रारम्भ भई भैरवटोल, भिमसेनटोल, नालामुख तेर्सापट्टी हुँदै धर्मशीला बुद्ध विहार नदिपुरमा पुगी सम्पन्न भएको उक्त शान्ति दीपयात्रा भिक्षु कौण्डञ्ञले दीप प्रज्ज्वलन गरी प्रारम्भ गर्नुभएको थियो ।

**४. अन्तर मा.वि. स्तरिय बौद्ध हाजिरी जवाफ प्रतियोगिता:** ज्ञानमाला संघ पोखराद्वारा यु.बौ.सं.को सहयोगमा वैशाख २० गते धर्मशीला बुद्ध विहार नदिपुरमा अन्तर मा.वि. बौद्ध हाजिरी जवाफ प्रतियोगिता संचालन गरिएको थियो ।

**५. आन्तरिक बौद्ध हाजिरी जवाफ प्रतियोगिता:** आन्तरिक बौद्ध हाजिरी जवाफ प्रतियोगिताका विजयी सदस्यहरूलाई वैशाख २८ गते विशेष समारोह बीच नेपाल बौद्ध परिषदका अध्यक्ष महेश्वर राज बज्राचार्यले पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभएको छ ।

### बुद्ध जयन्ति समारोह

धरान १२, सम्यक शिक्षा समूह धरान १२ को आयोजनामा २६२२ औं बुद्ध जयन्ती समारोह सप्ताहव्यापी कार्यक्रमहरू संचालन गरी सम्पन्न गरिएको समाचार प्राप्त भएको छ ।

बौद्ध हाजिरी जवाफ प्रतियोगिता, अन्तर विहार तथा गुम्बा वक्तृत्वकला प्रतियोगिता, रक्तदान, खेलकूद प्रतियोगिता र कल्पवृक्षदान आदि कार्यक्रमहरू संचालन गरी मनाइएको सो समारोहमा कार्यक्रममा विजयी हुने सहभागीहरू यसरी हुनुहुन्थ्यो:–

**हाजिरी जवाफ प्रतियोगिता:–** प्रथम: अशोक शाक्य, रमा घिमिरे, अर्पण शाक्य; दोस्रो: कञ्चण खड्का, वीरेन्द्र शाक्य, श्रृजना भट्टराई; तेस्रो: रोहीनी ताम्राकार, नवीन रायमाझी, चेतनाथ सापकोटा ।

**वक्तृत्त्वकला प्रतियोगिता:–** प्रथम: पनिता तामाङ्ग; दोस्रो: कमल सरकार; तेस्रो: कैलाश कार्की; सान्त्वना पुरस्कार: रमा घिमिरे ।

**खेलकूद प्रतियोगिता (विजयी खेलाडीहरू):–** पुतलीमाया शाक्य, दीलकुमारी शाक्य, मैया शाक्य, नविन रायमाझी, रूपा स्थापित र रेशमा शाक्य आदि ।

रक्तदान कार्यक्रममा जम्मा ३१ जवान रक्तदाताहरूले भाग लिएका थिए ।

### नारायणगढमा बुद्ध पूर्णिमा

२५४२ औं बुद्ध जयन्तीको पूनीत उपलक्ष्यमा नारायणगढ, चितवनमा विभिन्न समूहहरूद्वारा विभिन्न कार्यक्रम गरी हर्सोल्लासका साथ जन्मोत्सव कार्यक्रम सम्पन्न गऱ्यो ।

नेवा पुच: नारायणगढद्वारा उक्त जन्मोत्सव कार्यक्रममा रक्तदान कार्यक्रम सम्पन्न गऱ्यो । २७ जना व्यक्तिहरूद्वारा रक्तदान गरेको सो कार्यक्रममा धर्मोदयसभा, चितवनले फलफूल र उपासिका रेवती शाक्यज्यूले १/१ वटा फ्रुटी वितरण प्रदान गरिएको थियो । सो कार्यक्रमको संयोजक नेवा पुच: नारायणगढ कार्यसमितिका सदस्य श्री लक्ष्मीचरण श्रेष्ठ हुनुहुन्थ्यो भने कुसुम गुरुमाबाट पनि उक्त कार्यक्रममा रक्तदान गरी हौसला बढाउनु भएको थियो ।

उक्त जन्मोत्सव कार्यक्रममा बौद्ध धर्म सेवा समिति तीनखोलेद्वारा आयोजित धर्मदेशना कार्यक्रममा काठमाडौंबाट पाल्नुहुने कुसुम गुरुमाबाट धर्मदेशना प्रवचन गरिएको थियो ।

अन्तमा चितवन विहार नारायणगढको आयोजनामा उक्त दिन साँझ बुद्धप्रतिमा सहित रथयात्रा गरी बजार परिक्रमा कार्यक्रम सम्पन्न गरियो ।

### विज्ञप्ति

२५४२ औं बुद्ध जयन्तीको उपलक्ष्यमा पाटन मयूर बर्ण महाविहारमा २०५५ साल वैशाख २७ गते आयोजित



Downloaded from http://www.dhamma.digital

बौद्ध सभामा प्रमुख अतिथिको आसनबाट सम्माननीय प्रधान मन्त्री श्री गिरिजाप्रसाद कोईरालाज्यूले त्रिभुवन अन्तर राष्ट्रिय विमान स्थल जाने तीन कुनेमा एउटा आकर्षक पार्क निर्माण गरी बुद्धको प्रतिमा (मूर्ति) प्रतिस्थापन गर्ने सोचाई रहेको कुरा अभिव्यक्त गर्नुभएकोले सो कार्य शुरूवात गर्ने विषय थेरवाद बौद्ध दायक केन्द्रिय परिषदबाट बोलाइएको विभिन्न बौद्ध संघसंस्थाहरूको प्रतिनिधि सम्मिलित भएको आजको सभाबाट सम्माननीय प्रधानमन्त्रीज्यूमा आभार प्रकट गर्दै निम्न महानुभावहरूको एक प्रतिनिधि मण्डल सम्माननीय प्रधानमन्त्रीज्यू कहाँ पठाउने निर्णय भएको छ ।

श्रद्धेय भिक्षु, श्रद्धेय लामागुरु, भिक्षुणी धम्मवती, बखतबहादुर चित्रकार:- *संयोजक;* लोकदर्शन बज्राचार्य:- *सदस्य,* आशाबहादुर गुरुङ्ग:- *सदस्य,* बेखारत्न शाक्य:- *सदस्य;* विष्णुरत्न शाक्य, रामलगन चौधरी, पवित्रबहादुर बज्राचार्य, जुजुसेन बज्राचार्य, लोकबहादुर शाक्य ।

उक्त समारोह पश्चात सोही दिन लुम्बिनी स्थित निर्माणाधिन जापानी शान्ति स्तुपमा गई त्यहाँ भैरहेको निर्माण कार्यमा सौजन्य श्रमदान गरी भोलिपल्ट वैशाख २८ गते विहान बुद्ध जन्मभूमि स्थल लुम्बिनीमा बुद्ध जयन्ति समारोह मनाउने कार्यमा सहभागी भै फर्कदा बाटोमा पर्ने त्यस भेगका विभिन्न बौद्ध विहार तथा गुम्बाहरू नारायणघाट स्थित चित्रवन महाविहारमा गई उपस्थित विशाल जन समूहलाई परिषदका विभिन्न पदाधिकारीहरूबाट बौद्ध जनजागरण अभियानबारे अवगत सम्बोधन गर्दै परिषदबाट वितरित बौद्ध झण्डा र झण्डा बारे उल्लेखित पुस्तिका वितरण गर्ने कार्य सम्पन्न भएको थियो ।

## गोरखामा बुद्ध जयन्ति मनाइयो

पोखरा, जेठ २ गते । "मानिसहरू धर्मका कुरा गर्छन । आध्यात्मिक कुराहरू गर्छन् । जबसम्म मानिसले बाँच्नको लागि खाने, लगाउने, बस्ने र औषधि उपचार जस्ता आधारभूत आवश्यकताहरू पूर्ति गर्न सक्तैन । तबसम्म धर्मको कुरा र आध्यात्मिक कुराहरूको कुनै महत्त्व रहँदैन" उक्त कुरा भिक्षु अश्वघोष महास्थविरले २५४२ औं गौतम बुद्ध जयन्तीको सिलसिलामा गोरखामा आयोजित धर्मदेशना कार्यक्रममा बताउनु भएको हो ।

धर्मदेशनाकै क्रममा आध्यात्मिक चिन्तन र आचार व्यवहार मजबुत पार्ने आर्थिक पक्ष पनि मजबुत पार्नुपर्छ भन्नुहुँदै आर्थिक पक्ष र आध्यात्मिक पक्षको नङ्ग र मासुको जस्तो सम्बन्ध रहने कुरा बताउनु भयो । उक्त कार्यक्रममा पोखराका भिक्षु श्रद्धानन्द र अनगारिका कर्मशीलाको पनि उपस्थित थियो ।

गोरखा बौद्ध सेवा समितिका अध्यक्ष मोहन शाक्यले दिनुभएको भिक्षु अश्वघोषको संक्षिप्त परिचय पछि आरम्भ भएको उक्त कार्यक्रम मैत्री संघ, पोखराका अध्यक्ष विश्व शाक्यको सक्रियतामा र गोर्खा बौद्ध सेवा समितिको आयोजनामा भएको थियो । स्मरण रहोस् गोरखामा वैशाख २८ गते वैशाख पूर्णिमाको उपलक्ष्यमा शान्ति शोभायात्रा सहित २५४२ औं गौतम बुद्ध पूर्णिमा भव्यरूपमा मनाइएको थियो ।

## बुद्धबारे लेख्नेहरू सम्मानित

काठमाडौं, जेठ २७ गते । यो वर्ष २५४२ औ बुद्धजयन्तीका अवसरमा प्रकाशित विभिन्न बौद्ध पत्र-पत्रिका तथा विविध भाषामा प्रकाशित स्मारिकाहरूमा लेख, रचना दिनुहुने लेखकहरूको सम्मानमा आज श्रीकीर्ति विहार कीर्तिपुरमा एक समारोहको आयोजना गरियो ।

आजै जेष्ठ पूर्णिमाका पवित्र दिनको संझना गरी सिद्धार्थ पत्नी महाथेरी यशोधराको अस्थिधातुको पनि प्रदर्शन गरियो । उक्त अस्थिधातु थाइल्याण्डबाट नेपाल ल्याइएको थियो । त्यस अवसरमा थाई राजदूत प्रिती सान्तले अस्थिधातुको महत्त्वबारे मन्तव्य व्यक्त गर्नुभएको थियो ।

यो वर्ष प्रकाशित विभिन्न बुद्धधर्म सम्बन्धी समाचार लेख छाप्नेहरूको रिसर्च सेन्टरका अध्यक्ष डा. बज्रराज शाक्यले मूल्यांकन समीक्षा प्रस्तुत गर्नुभएको थियो ।

यो वर्ष २० वटाभन्दा बढी पत्रपत्रिकाहरूले विशेषाङ्क प्रकाशित गरेका थिए । त्यसमा १३० जना भन्दा बढी लेखकहरूले बुद्धधर्म संस्कृतिबारे लेखेका छन् ।

यो वर्षभरिको समीक्षा गर्दा राष्ट्रिय भाषामा राष्ट्रियस्तरका पत्रपत्रिकाहरूमा सबैभन्दा बढी बुद्धधर्म संस्कृति सम्बन्धी लेख प्रकाशित गर्ने लेखक भिक्षु अश्वघोष महास्थविर हुनुभएको कुरा डा. बज्रराजले उल्लेख गर्नुभयो । धेरै लेख रचना लेख्नु हुने लेखकहरूमा भिक्षु सुदर्शन महास्थविर, भिक्षु ज्ञानपूर्णिक महास्थविर, केदार शाक्य लगायत लोकबहादुर शाक्य रहनुभएको कुरा पनि समारोहमा जानकारी गराइएको थियो ।

## बुद्ध प्रतिमा स्थापना गर्नेबारे छलफल

काठमाडौं, जेठ २७ गते । प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला तथा विभिन्न बौद्ध संघ संस्थाका प्रतिनिधिहरू बीच हिजो त्रिभुवन विमानस्थल अगाडिको सडकमा पर्ने तीनकुनेमा भगवान बुद्धको प्रतिमा स्थापना गर्ने विषयमा छलफल सम्पन्न भयो ।

प्रधानमन्त्री कोइरालाले यो वर्ष २५४२ औं बुद्ध जयन्ती मनाउने सिलसिलामा पाटनको मयुरवर्ण महाविहारमा भएको समारोहमा बुद्ध पार्क निर्माण गरी बुद्धप्रतिमा स्थापना गर्ने विचार व्यक्त गर्नुभएको थियो ।

निर्माणस्थलको आवश्यक व्यवस्था गर्न प्रधानमन्त्रीले युवा खेलकूद तथा संस्कृति मन्त्रीलाई जिम्मा दिने र आवश्यक कार्य छिटै थालिने जानकारी प्रतिनिधिमण्डललाई दिनुभएको छ ।

प्रतिनिधिमण्डलमा विभिन्न ३५ वटा बौद्ध संघ संस्थाका सदस्यहरू सम्मिलित हुनुहुन्थ्यो ।



Downloaded from http://www.dhamma.digital

## म्याग्दीमा पहिलो बौद्ध विहार शिलान्यास

म्याग्दी, बेनी ३० जेठ । म्याग्दी, बेनीको अर्छुङ्गे गा.वि.स.मा पर्ने खोरिया भन्ने जग्गामा म्याग्दीमा पहिलो बौद्ध चैत्य तथा बुद्ध विहारको शिलान्यास विशेष समारोह बीच भिक्षु अश्वघोष महास्थविरज्यूबाट सुसम्पन्न भयो ।

शिलान्यास समारोहमा धर्मदेशना गर्नुहुँदै भिक्षु अश्वघोष महास्थविरले बेनीमा बुद्ध विहार निर्माणको लागि जग्गा दान गर्ने दाता पुण्यबहादुर शाक्यले यथानाम तथा काम गरेर देखाउनु भएको छ भन्नुहुँदै चैत्य, विहार बनाएर र पूजा अर्चना गरेर मात्र हुँदैन आ-आफ्नो मनमा लुकिराखेको कुसंस्कारलाई पनि त्याग्नु पर्छ तव मात्र वास्तविक पुण्य कार्य सम्भव हुन्छ भन्नुभयो ।

म्याग्दी बौद्ध संघद्वारा निर्माणाधिन चैत्य तथा विहारको शिलान्यास समारोहमा धर्मशीला बुद्ध विहार पोखराका भिक्षु श्रद्धानन्द, माननीय जिल्ला न्यायाधिश करूणानिधि शर्मा, उद्योग वाणिज्य संघ बेनीका अध्यक्ष सुदर्शन कुमार श्रेष्ठ तथा बाग्लुङका उपासक मुकुन्द शाक्यले शुभेच्छा मन्तव्य व्यक्त गर्नुभएको थियो । समारोहका सभापति म्याग्दी बौद्ध संघका अध्यक्ष प्रकाशकुमार श्रेष्ठले चैत्य तथा विहार निर्माण जस्तो पवित्र कार्यमा आ-आफ्नो क्षेत्रबाट यथासक्य सहयोग जुटाईदिन सबैसँग आग्रह गर्नुभयो । उक्त समारोहमा श्रा. संघरक्षित र अ. कर्मशिलाहरूको पनि उपस्थिति थियो ।

परित्राण पाठ, शील प्रार्थना र बुद्ध पूजाबाट शुभारम्भ भएको शिलान्यास समारोहको उद्घोषण संघका सचिव यामबहादुर शाक्यले गर्नुभएको थियो ।

पहिलो चरणमा निर्माण हुने चैत्यको लागि आजै विभिन्न व्यक्ति तथा संघ संस्थाबाट नगद तथा जिन्सी सहयोग प्राप्त भएको कुरा आयोजकहरूबाट थाहा हुन आएको छ । निर्माणाधिन चैत्यको गजुर (पित्तलको) मैत्री संघ, पोखराले उपलब्ध गराउने र चैत्यको लागि आवश्यक पर्ने चारवटा बुद्ध मूर्तिहरू मैत्रीसंघ पोखराका अध्यक्ष विश्व शाक्यले व्यवस्था गरिदिने भएको छ । यसैगरी म्याग्दी बेनीका यज्जनलाल शाक्यबाट रु. १०,५०५/–, अशोक श्रेष्ठ हाल काठमाडौंबाट रु. ५०००/–, श्रीमती रूद्रकुमारी शाक्य, बाग्लुङ्गबाट रु. १०००/–, श्रीमती कुलदेवी शाक्य बाग्लुङ्गबाट रु. ५५५/–, श्रीमती लक्ष्मी शाक्य बाग्लुङ्गबाट रु. ५०५/–, श्रीमती माया स्याङ्ग्वो गौचन बेनीबाट रु. ५०५/–, श्रीमती रत्नदेवी बज्राचार्य असन, काठमाडौंबाट रु. ५०५/–, श्रीकृष्णप्रसाद शाक्य बाग्लुङ्गबाट रु. ५०५/– र गोरखा, नारायणघाट र बेनी, बाग्लुङ्गका उपासक उपासिकाहरूबाट फुटकर रु. १३४०/– नगद सहयोग प्राप्त भएको छ ।

## वार्षिक उत्सव

२०५५ जेष्ठ २७ गते बुधवार, तानसेन स्थित श्री महाबोधि विहार बौद्ध महिला समितिको १४ औं एवं बौद्ध युवा संघको १० औं वार्षिक उत्सव कार्यक्रम भिक्षु चुन्द महास्थविरज्यूको अध्यक्षतामा हालै सम्पन्न भयो । उक्त वार्षिक उत्सव कार्यक्रममा सचिव सुश्री सुमना शाक्यबाट वार्षिक आय-व्यय प्रगति प्रतिवेदन पेश गर्नुका साथै युवा बौद्ध संघका श्री गम्भिरमान शाक्यज्यूको अध्यक्षतामा नयाँ कार्य समिति आ.व. २०५५/०५७ को २ वर्ष कार्यकालका लागि निर्विरोध निर्वाचित भएको घोषणा गरिएको थियो ।

मित्र राष्ट्र थाइलैंडबाट प्राप्त बुद्धको प्रतिमालाई प्रतिस्थापन गरी भिक्षु चुन्द महास्थविरज्यूको करकमलबाट बुद्ध हलमा बुद्धको प्रतिमा अनावरण गर्नुभयो । प्रमुख अतिथि काठमाडौंबाट पाल्नु भएका भिक्षु अश्वघोष महास्थविरज्यूबाट बुद्ध धर्मको व्यवहारिक पक्षहरू र अष्टाङ्गिक मार्गहरूको बारेमा प्रकाश पार्दै बौद्ध धर्म एक मानव धर्म हो भन्नुभयो । संस्थापक भिक्षु विमलानन्द र भिक्षु चुन्द महास्थविरहरूले पनि धर्म देशना गर्नुभएको थियो एवं पोखराबाट पाल्नु भएका भिक्षु श्रद्धानन्द महास्थविरज्यूको उपस्थिति थियो ।

उक्त कार्यक्रममा सबै संघ संस्थाहरूको तर्फबाट उप-प्राध्यापक छत्रराज शाक्यबाट बौद्ध धर्म वैज्ञानिक धर्म हो भन्ने कुराहरू बारे प्रकाश पार्नुभयो । साथै बौद्ध युवा संघका सल्लाहकार दशरथमुनी शाक्यज्यूबाट पनि विविध विषयमा बोल्नु भएको उक्त वार्षिक उत्सव कार्यक्रममा स्वागत मन्तव्य बौद्ध महिला समितिका अध्यक्ष पूर्णमाया महर्जनबाट गर्दै श्री रविमान बज्राचार्यले धन्यवाद ज्ञापन गर्नुभयो । उक्त वार्षिक उत्सव कार्यक्रममा श्री कविन्द्र बज्राचार्यले कार्यक्रम संचालन गर्नुभएको थियो ।

## संघारामलाई आर्थिक सहयोग

संघाराम भिक्षु तालिम केन्द्रमा रहनुहुने भिक्षुहरूका लागि आवश्यक खाद्य व्यवस्थाको लागि सहयोग गर्नुहुने दाताहरूको नामावली यसप्रकार रहेको छः–

| | | |
|---|---|---|
| १) | मलेशियन भिक्षुणी | - रु. २०००/– |
| २) | संघाराम कोषको व्याजबाट | - रु. २०००/– |
| ३) | अष्टपरिष्कारबाट | - रु.२०००/– |
| ४) | भिक्षु अश्वघोष | - रु. १५००/– |
| ५) | भिक्षु विशुद्धानन्द | - रु. ७००/– |
| ६) | भिक्षु थानसेट्ठ | - रु. ५००/– |
| ७) | भिक्षु मिलिन्द | - रु. ५००/– |
| ८) | रत्नलाल मानन्धर | - रु. ५००/– |
| ९) | संघदास श्रेष्ठ (द्वारिकादाशको छोरा) | - रु. ५००/– |
| १०) | विहारको दानपात्रबाट | - रु. ७००/– |
| ११) | भिक्षु अर्स्साज | - रु. ३००/– |
| १२) | भिक्षु कोण्डण्य | - रु. २००/– |

Downloaded from http://www.dhamma.digital

बा.अ.का.द.नं. - ७०/०४०/४१

## प्रमाणपत्र र पुरस्कार वितरण

स्थान: ने.बौ.प. केन्द्रिय कार्यालय, ललितपुर ।
मितिः २०५५ जेठ २३ गते ।

बु.सं. २५४१ वर्षमा नेपाल बौद्ध परियत्ति शिक्षाको विभिन्न तहमा बोर्ड पदवि प्राप्त गर्न सफल भएका विद्यार्थीहरूको साथसाथै अन्य उत्रीर्ण विद्यार्थीहरूलाई पाटन उपनगरपालिका मेयर बुद्धिराज बज्राचार्यले प्रमाणपत्र र पुरस्कार वितरण गर्नुभएको समाचार छ ।

कार्यक्रमका प्रमुख अतिथि ब्रज्राचार्यले आफ्नो मन्तब्य व्यक्त गर्ने क्रममा एफ.एमको माध्यमबाट पनि बुद्ध शिक्षा सम्बन्धि कार्यक्रम प्रसार गर्नुपर्ने आवश्यकतालाई महशूस गर्नुहुँदै पाटनमा पनि एफ.एम. स्टेशन राखिने र नगरपालिकाको तर्फबाट पनि यस शिक्षालाई आवश्यक आर्थिक सहयोग प्रदान गरिने जानकारी दिनुभयो ।

भिक्षु कुमार काश्यप महास्थविरको सभापतित्वमा संचालित उक्त कार्यक्रममा भिक्षु बुद्धघोष महास्थविरले शील प्रार्थना गराउनु भई स्वागत भाषण पनि गर्नु भएको थियो ।

उक्त कार्यक्रममा भिक्षु सुदर्शन महास्थविर, थाई राजदूतावासका काउन्सिलर वीरयुथ यूथ अङ्खाम र कोविद उपाधि प्राप्त धजवती (कुसुम) गुरुमांले पनि उच्च शिक्षाको साथै बौद्ध परियत्ति शिक्षाको महत्त्व बारे प्रकाश पार्नुभएका थिए ।

त्यस्तै भिक्षु शीलभद्र महास्थविरले प्रतिवेदन पेश गर्नुभएको थियो भने भिक्षु धम्मशोभन महास्थविरले धन्यवाद ज्ञापन गनुभएको थियो ।

उक्त कार्यक्रममा दिवंगत संघ महानायक प्रज्ञानन्द महास्थविरको पुण्य स्मृतिमा स्थापना गरिएको "प्रज्ञानन्द स्मृति पुरस्कार" कोषको तर्फबाट पनि नगद पुरस्कार प्रदान गरिएको थियो ।

## पालीभाषाका विद्वान योगी प्रधानको देहावसान

बुद्ध शिक्षा सम्बन्धि विद्वान कहलिएका योगी अयोध्या प्रसाद प्रधानको ९४ वर्ष नाघेर ९५ वर्ष प्रवेश गर्नु भएपछि निधन भएको समाचार छ । पाल्पा तानसेनको असन टोलमा जन्मनु भएका स्व. प्रधानले भारतका विहार विश्वविद्यालयबाट पालिभाषामा एम.ए. प्रथम श्रेणीमा प्रथम भई स्वर्ण पदक हासिल गर्नुभएका थिए ।



योगी अयोध्या प्रसाद प्रधान

उहाँ पालि भाषाका बौद्ध विद्वान मात्र नभई महान योगी पनि हुंनुहुन्छ । उहाँले १४ वर्षसम्म आर्य मौन रही तपस्या गर्नुभएको हुँदा उहाँको बोलीमा आवाज स्पष्ट सुनिन्नथ्यो ।

जे होस् उहाँले पालि भषामा उच्चस्तरको शिक्षा र पदवी हासिल गरी बुद्ध जन्मभूमी नेपालको इज्जत बढाउनु भएको छ । **"रूपं जीरति मच्चानं नाम गोत्तं नजीरति"** अर्थात् मानिसको रूप जीर्ण भएर जान्छ तर राम्रो कामको फलस्वरूप उसको नाम र गोत्र जीर्ण हुँदैन भन्ने बुद्धको अमृत वचनलाई सार्थक गर्न सफल हुनु भएका अध्योध्या प्रसाद प्रधानको नाम र थर इतिहासमा अमर रूपमा बाँचीरहने छ ।

**-: लोक-नीति :-**

**(जुन स्वास्नी) झगडा मात्र गर्ने, चुक्ली र टेढा कुरा मात्र गर्ने, देखेको-देखेको पुरुषसँग कामको इच्छा गर्ने, नाना तरहको सुस्वादिष्ट भोजन गर्नुपर्ने, उत्तम सुगन्धित अग्रधान आदि अन्न नभई नखाने, अर्काको घरमा गई बस्ने, त्यस्ता स्वास्नीलाई छोराछोरी सयजना भई सकेकी भए तापनि पुरुषहरूले छाडिदिनुपर्दछ ॥१२॥**

मुद्रक : "न्यू नेपाल प्रेस" प्रधान कार्यालय : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं, नेपाल । फोन : ४२१४५०, ४१४७५३
व्यापारीक कार्यालय : शुक्रप [illegible] (९७७-१) २५८६७८

Downloaded from http://www.dhamma.digital